| 2 | Security Guards | 35 | 20 | 1200 | ४४,०८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १ गते (15th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.१६१५/०७९/०८०

**Leaders International Recruitment Agency Pvt. Ltd**
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, Email: leadersnepal1615@gmail.com


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल बैशाख महिना २५ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय जोरपाटीबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

| १) ऋणीको विवरण |
|---|
| विर्ख बहादुर श्रेष्ठको नाति अकल बहादुर श्रेष्ठको छोरा दोलखा जिल्ला काटाकुटी वडा नं. ८ हाल, काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने **विष्णु नारायण श्रेष्ठ** (ना.प्र.नं. : ७३६/३५४० जारी मिति र जिल्ला : २०४५/०१/११, दोलखा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) तुल नारायण श्रेष्ठको छोरी अकल बहादुर श्रेष्ठको बुहारी विष्णु नारायण श्रेष्ठको पत्नी रामेछाप जिल्ला गौश्वारा वडा नं. ३ हाल, काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने **लिला कुमारी श्रेष्ठ** (ना.प्र.नं. : २१३७४/९१, जारी मिति र जिल्ला : २०६३/११/१६, रामेछाप) |
| २) कर्ण बहादुर स्याङतानको नाति राजु घलानको छोरा मकवानपुर जिल्ला बागमती गा.पा. वडा नं. ८ हाल, काठमाडौं जिल्ला काठमाडौं कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने **दिनेश घलान** (ना.प्र.नं. : ३१-०१-७७-०९२०८, जारी मिति र जिल्ला : २०७७/१२/०८, मकवानपुर) |

| २) ऋणीको विवरण |
|---|
| इन्द्र बहादुर श्रेष्ठको नातिनी हिरालाल श्रेष्ठको छोरी सोलुखुम्बु जिल्ला चौलाखर्क गा.वि.स. वडा नं. ३ हाल, काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं. ५ बस्ने **सर्मिला श्रेष्ठ** (ना.प्र.नं. : २४५४ जारी मिति र जिल्ला : २०५९/०६/२०, सोलुखुम्बु) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) इन्द्र बहादुर श्रेष्ठको नाति हिरालाल श्रेष्ठको छोरा सोलुखुम्बु जिल्ला लिखु पिके गाउँपालिका वडा नं. ४ हाल, काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं. ५ बस्ने **सुजन श्रेष्ठ** (ना.प्र.नं. : ११३०१६-२३२ जारी मिति र जिल्ला : २०६३/१०/१२, सोलुखुम्बु) |
| २) हिरालाल श्रेष्ठको छोरी शिव रानाभाटको बुहारी हरि रानाभाटको पत्नी भक्तपुर जिल्ला सुर्यविनायक नगर पालिका वडा नं. २ हाल, भक्तपुर जिल्ला सुर्यविनायक नगरपालिका वडा नं. २ बस्ने **एलिना श्रेष्ठ रानाभाट** (ना.प्र.नं. :११३०१६-३५२ जारी मिति र जिल्ला : २०६३/११/०१, भक्तपुर) |

| ३) ऋणीको विवरण |
|---|
| देवेन्द्र गिरीको नाति रामचन्द्र गिरीको छोरा सिन्धुपाल्चोक जिल्ला भोटेनाम्लाङ्ग वडा नं. ९ हाल, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७ बस्ने **दिनेश गिरी** (ना.प्र.नं. : २४१०७३/१८१५३ जारी मिति र जिल्ला : २०६६/०३/११, सिन्धुपाल्चोक) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) देवेन्द्र गिरीको नातिनी रामचन्द्र गिरीको छोरी सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङपाल गा.पा. वडा नं. ७ हाल, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७ बस्ने **जुनी गिरी** (ना.प्र.नं. : २४-०१-७३-०५६८८ जारी मिति र जिल्ला : २०७३/०७/११, सिन्धुपाल्चोक) |
| २) जित बहादुर गिरीको नाति विकास गिरीको छोरा सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङपाल गा.पा. वडा नं. ७ हाल, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७ बस्ने **हिमाल गिरी** (ना.प्र.नं. :२४-०१-८०-०२०३० जारी मिति र जिल्ला : २०८०/०२/२५, सिन्धुपाल्चोक) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०३/१९ मा दर्ता भएको **प्रा.लि.नं. २९३३२०/०७८/०७९** को **सुसा लजिष्टिक्स प्रा.लि.** को मिति २०८२/०१/११ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: नीलकण्ठ पोखरेल, इजाजत पत्र नं. ५१२,**
**ठेगाना: का.म.न.पा.-११, काठमाडौं, फोन नं. ९८५१००६०४६**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०१/१३ मा दर्ता भएको **प्रा.लि.नं. ३११५६०/०७९/०८०** को **नेपाल मोटोकेयर प्रा.लि.** को मिति २०८२/०१/२१ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: नीलकण्ठ पोखरेल, इजाजत पत्र नं. ५१२,**
**ठेगाना: का.म.न.पा.-११, काठमाडौं, फोन नं. ९८५१००६०४६**

# तीन दिनसम्म बनेपामा चण्डेश्वरी जात्रा मनाइँदै

■ राजकुमार पराजुली

**काभ्रेपलाञ्चोक–** काभ्रेपलाञ्चोकको ऐतिहासिक नगर बनेपामा करिब दुई हजार ५०० वर्षदेखि चण्डेश्वरी जात्रा मनाइँदै आइएको छ। विशेषगरी नेवार समुदायले हरेक वर्षको चण्डी (वैशाख शुक्ल) पूर्णिमादेखि तीन दिनसम्म उक्त जात्रा मनाउने गर्दछन्। वैशाख शुक्ल पूर्णिमा, जसलाई चण्डीपूर्णिमा नाम दिइएको छ, प्रत्येक वर्ष यहाँका बासिन्दाले मनाउने यो पर्वमा चण्डेश्वरी मन्दिरपरिसर बेहुलीझैं सिँगारिन्छ । बनेपामा आउँदो सोमबारदेखि चण्डेश्वरी जात्रा सुरु हुँदै छ। तीन दिनसम्म मानिने उक्त जात्रामा यहाँका मानिसमा नयाँ उमंग र उत्सव देखिन्छ। हालका दिनमा जात्रा व्यवस्थापन समिति र स्थानीय जात्राको तयारीमा जुटेका छन्।

जात्राको विधिअनुसार यहाँका घर चोख्याइन्छन् । पूर्णिमाको अघिल्लो दिन हनुमान ढोकाबाट ल्याइने तरवार (खड्ग)सँगै जात्रामा सरकारको तर्फबाटसमेत पूजा गर्ने व्यक्तिको सहभागिता रहनुले पनि बनेपाली यसको महत्त्वले अझ व्यापकता पाएकामा गर्व गर्छन् । जात्रा अवधिभर बनेपाका सबै नेवार समुदायका घरघरमा भोज गरिन्छ। बूढापाकाले टोलटोलमा बसी भजन गाउँछन् । सडक, गल्लीमा भीड हुन्छ । 'शक्ति कि अधिष्ठात्री देवी मानिएकी चण्डेश्वरी देवी'को पूजा गर्न टाढादेखि भक्तजन आउने स्थानीय श्याम मानन्धरले बताउँछन्। उनका अनुसार जात्रामा सामेल हुन पाउँदा निकै खुसी मान्दै भक्तजनहरू 'मागेको पुग्ने' कुरामा विश्वास गर्छन् । जात्राअन्तर्गत पहिलो दिन (पूर्णिमाको दिन) बिहान सबेरै मत पूजा (चिराग यात्रा) गरिन्छ। तुलसीको काठद्वारा निर्मित रथमा देवी चण्डेश्वरीलाई रथारोहण गराई देवगृहबाट परिक्रमाका लागि निकाल्ने चलन छ।

बनेपाको तीनधारामा बनाइएको पांग्रा नभएको खटलाई भेडा बलि दिइएपछि देवता नभएको खाली खटलाई विभिन्न बाजागाजासहित स्थानीय युवाहरूले बोकेर 'ल्हाका पालुं हाः' भन्दै चण्डेश्वरी मन्दिर पुऱ्याउने प्रचलन छ । यसक्रममा रथ तान्ने र घचेट्नेको उत्साहमा थप ऊर्जा प्रदान गर्दै बजारका हरेक घरकाझ्यालझ्यालबाट उनीहरूलाई साहस थपिदिने काम पनि हुन्छ । यस्तै हरेक घरमा तयार पारिएका प्रसादहरू झ्यालबाटै रथमा बसेकी चण्डेश्वरीलाई चढाउँछन् । खटलाई मन्दिर नजिक पुऱ्याएपछि विधिपूर्वक पूजा गरी चण्डेश्वरी देवीको मूर्तिलाई खटमा राखिन्छ।

दोस्रो दिन बकुटोलबाट चण्डेश्वरीले भण्डासुर दैत्यको वध गरेपछि समाधि गरिएको स्थान भन्ने विश्वास गरिएको ठाउँमा रथ पुऱ्याउने र भव्य स्वागत सत्कारकासाथ पूजाआजा र बलि दिने परम्परा रहेको छ । जात्राको सुरुदेखि नै ठाउँठाउँमा बलि दिइन्छ। खटलाई प्राचीन लायकू दरबारसम्म पुऱ्याउँदै र त्यहाँबाट चण्डेश्वरी देवीको मूर्तिलाई अर्को सानो खटमा राखेर पुनः वकुटोलमै ल्याउने गरिएको हो। यस्तै मूर्तिलाई सानो खटमा राखेर पुनः चण्डेश्वरीमा पुऱ्याएपछि जात्रा सकिने गर्छ । धिमे, नायि्खं, छुस्यालगायत विभिन्न बाजागाजासहित आस्था भएका सबैले आ-आफ्नो घरबाट चिराग बोक्दै बनेपाको लायकुमा जम्मा भइ जलेश्वर महादेव (जसिगा) सम्म पुगेर विसर्जन गर्ने प्रचलन रहेको छ। *रासस*

---

## सच्याइएको

२०८२ वैशाख २४ गते प्रकाशित यस प्रभाव दैनिकको वर्ष १२ अंक १४ मा प्रकाशित **त्रियुगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय** गाईघाट उदयपुर **शिलबन्दी दरभाउपत्रको आव्हान सम्बन्धी सूचनाको** तपसिल खण्डमा नदीजन्य पदार्थको विवरण (बालुवामहल) को **त्रियुगा नदी**बाट ४००० घ.मि. हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा अनुरोध छ।

## सच्याइएको

मिति २०८२/०१/२३ को प्रभाव दैनिकमा प्रकाशित **हरियाली सामुदायिक वन उपभोक्ता समूह**को वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचनामा ठेगानाः दुधौली नगरपालिका ११, सिन्धुली हुनुपर्नेमा अन्यथा हुनु गएकोले सच्याइएको छ।

**हरियाली सामुदायिक वन उपभोक्ता समूह**
दुधौली नगरपालिका ११, सिन्धुली

## सच्याइएको

मिति २०८२/०१/०८ को प्रभाव दैनिकमा प्रकाशित **जयबुद्ध सामुदायिक वन उपभोक्ता समूह**को काठ/दाउरा लिलाम बिक्री सम्बन्धी २१ दिने सूचनामा सूचनाको प्रथमपटक प्रकाशित मितिः २०८२/०१/०८ हुनुपर्नेमा अन्यथा हुनु गएकोले सच्याइएको छ।

**जयबुद्ध सामुदायिक वन उपभोक्ता समूह**
लालबन्दी न.पा. १५, सर्लाही

---

## चौरजहारी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

### ठेक्का स्वीकृतीको आशयको सूचना

**प्रकाशित मितिः २०८२/०१/२५**

उपर्युक्त विषयमा मिति २०८२/१/०८ गते यस कार्यालयबट प्रकाशित बेलपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरूको वोलपत्र मूल्यांकन समितिबाट तपसिल वमोजिम वोलपत्र न्यूनतम मूल्यांकनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| 1 | CJM/WORKS/ SBQ/02/081/082 | Construction of Primary Health Care Outreach Clinic (PHC/ORC) Chaurjahari Municipality-14 Rukum West | Budhathoki Construction Sewa Chaurjahari-03, Rukum West | 16,57,312.2 NPR |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

---

डि.स.का. द.नं. २१५८/०६५/६६
## हसना भास्तिपुर
**बचत तथा ऋण सहकारी संस्था लि.**
च.न.पा.-१२, बलम्बु(भास्तिपुर), काठमाडौं
NEFSCUN

### ऋण चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**सूचना प्रकाशित मितिः २०८२/०१/२५**

**यस संस्थाबाट ऋण लिने तपसिल बमोजिमका ऋणी सदस्यहरूको ऋण लिंदा गरिदिएको लिखत तथा शर्तनामामा तोकिएको अनुसार बुझाउनु पर्ने साँवा, व्याज समेतका रकमहरू नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उलंघन गरेको र संस्थाबाट मौखिक एवं लिखित रुपमा ऋणीले तिर्न बुझाउन पर्ने साँवा, व्याज, हर्जना रकम समेत खुलाई पटकपटक तरताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदरुकता नदेखाएको हुनाले यो ३५(पैंतिस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । अतः यो सुचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, व्याज र हर्जना लगायतका रकम एकमुष्ट चुक्ता फर्छ्यौट गर्ने गराउनको लागि सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता एंव उल्लेखित ऋणसंग सम्बद्ध सबैलाई यसै सुचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पुर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले/धितोवालाले संस्थालाई लेखिदिएको धितो र कथमकदाचित उक्त धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम असुल उपर भई ऋण बाँकी रहन गएमा ऋणी तथा जमानत दिने व्यक्तिको आफ्नै वा एकासंगोलको परिवारको नाँउमा नेपाल राज्यभर भएको अन्य चलअचल सम्पति समेतबाट सहकारी ऐन, नियामवली, संस्थाको विनियम, नीति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्रि वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी र धितो/ जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा ऋणी, धितोवाला, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाबाट सूचित गरिन्छ ।**


### तपशिलः

**ऋणीको तीन पुस्ते विवरण र फोटो | धितोवाला/धनजमानीकर्ताको तीन पुस्ते विवरण र फोटो**

नाम : कृष्ण प्रसाद डोटेल स.नं. : ०५१८९
स्थाई ठेगाना : देउपुर-९, गैरिविसौना, काभ्रे
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : २७२०७/३४
बुबाको नाम : दशरथ डोटेल
बाजेको नाम : हरि नारायण डोटेल


नाम : राजु महर्जन स.नं. : ०००0५
स्थाई ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : ३९८
बुबाको नाम : रामचन्द्र महर्जन
बाजेको नाम : न्हुच्छे बहादुर महर्जन


नाम : दिपक आचार्य स.नं. : ००५४७
स्था. ठेगाना : भरतपोखरी-३, कास्की
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : १२०८४६
बुबाको नाम : विशेश्वर आचार्य
बाजेको नाम : होमनाथ आचार्य


नाम : भोग बहादुर गोपाली स.नं. : ०११५०
स्थाई ठेगाना : बज्रबाराही-७, मकवानपुर
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : १२१३
बुबाको नाम : अमर बहादुर गोपाली
बाजेको नाम : सेर सिं गोपाली


नाम : प्रेम गोपली स.नं. : ०१३६९
स्थाई ठेगाना : बज्रबाराही-७, मकवानपुर
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : ५६/३७१४८
बुबाको नाम : भोग बहादुर गोपाली
बाजेको नाम : अमर बहादुर गोपाली

नाम : हेरामान गोपली
स्थाई ठेगाना : बज्रबाराही-७, मकवानपुर
अ. ठेगाना : बज्रबाराही-७, मकवानपुर
ना.प्र.नं. :
बुबाको नाम : भोग बहादुर गोपाली
बाजेको नाम : अमर बहादुर गोपाली

नाम : शंकर सुनुवार स.नं. : ३७३०
स्था. ठेगाना : पिडा-५, धादिङ्ग
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : १/५०७८१
बुबाको नाम : गोकर्ण बहादुर सुनुवार
बाजेको नाम : खड्ग बहादुर सुनुवार


नाम : कमला सुनुवार
स्था. ठेगाना : पिडा-५, धादिङ्ग
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. :
बुबाको नाम : गोकर्ण बहादुर सुनुवार
बाजेको नाम : खड्ग बहादुर सुनुवार

नाम : थप्री सुनुवार
स्था. ठेगाना : पिडा-५, धादिङ्ग
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : ३४३७
बुबाको नाम : अम्बर बहादुर सुनुवार
पतिको नाम : गोकर्ण बहादुर सुनुवार

नाम : विद्या देवी अमात्य स.नं. : २५२१३
स्थाई ठेगाना : काठमाडौं
अ. ठेगाना : चन्द्रागिरि-१०, काठमाडौं
ना.प्र.नं. : १८०
पतिको नाम : उत्तमराज अर्याल
ससुराको नाम : पितराज अर्याल


नाम : उत्तमराज अर्याल
स्थाई ठेगाना : काठमाडौं
अ. ठेगाना : चन्द्रागिरि-१०, काठमाडौं
ना.प्र.नं. : ३८६१/८५
बुबाको नाम : पितराज अर्याल
बाजेको नाम : पिताम्बर अर्याल

नाम : मोहन कृष्ण गोपाली स.नं. : २६०३६
स्था. ठेगाना : दामन-४, मकवानपुर
अ. ठेगाना : चन्द्रागिरि-१०, काठमाडौं
ना.प्र.नं. : ३११०३७/४२४८४
बुबाको नाम : राधाकृष्ण गोपाली
बाजेको नाम : भगवान गोपाली


नाम : श्रीकृष्ण गोपाली स.नं. : १७१८
स्था. ठेगाना : चन्द्रागिरि-४, काठमाडौं
अ. ठेगाना : चन्द्रागिरि-४, काठमाडौं
ना.प्र.नं. : १४८६/०५११५२
बुबाको नाम : नारायण प्रसाद गोपाली
बाजेको नाम : बेखालाल गोपाली


नाम : नरेन्द्र तण्डुकार स.नं. : ०२७५६
स्थाई ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : ३४७०
बुबाको नाम : नारायण तण्डुकार
बाजेको नाम : कान्छा तण्डुकार


नाम : चन्चल तण्डुकार स.नं. : ०२७५७
स्थाई ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : १०४५/७७७८४
बुबाको नाम : विर्षबहादुर श्रेष्ठ
पतिको नाम : नरेन्द्र तण्डुकार


नाम : आनन्द राजथला स.नं. : २५८२२
स्था. ठेगाना : का.म.न.पा-१३, बाफल
अ. ठेगाना : का.म.न.पा-१३, बाफल
ना.प्र.नं. : २७१०६०/११०५८
बुबाको नाम : गणेश कुमार राजथला
बाजेको नाम : शंकर कुमार राजथला


नाम : शम्सेर सुनार स.नं. : २५७७
स्था. ठेगाना : माझकोट-५, स्याङजा
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : ११२९६
बुबाको नाम : मेघ बहादुर सुनार
बाजेको नाम : दलसुर सुनार


नाम : हरि गोपाल श्रेष्ठ स.नं. : २४९८४
स्था. ठेगाना : का.म.न.पा.-२८, न्ह्योखा
अ. ठेगाना : चन्द्रागिरि-५, काठमाडौं
ना.प्र.नं. : १०३०१८
बुबाको नाम : खड्ग बहादुर श्रेष्ठ
बाजेको नाम : भिम बहादुर श्रेष्ठ


नाम : हरि कृष्ण श्रेष्ठ स.नं. : २५०७३
स्था. ठेगाना : छत्रेबाझ-२, काभ्रे
अ. ठेगाना : का.म.न.पा-१४, कलंकी
ना.प्र.नं. : ४०७८३
बुबाको नाम : राम कृष्ण श्रेष्ठ
बाजेको नाम : विर बहादुर श्रेष्ठ


---

## धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३, (अनुसुची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व. २०८१/८२ को तेश्रो त्रैमासिक प्रतिवेदन

**Eastern Hydropower Limited**
**Jwagal-10, Lalitpur, Nepal**

### Unaudited Financial Report (Quarterly)

**IIIrd Quarter as on 31st Chaitra, 2081, F/Y 2081/82**

*Figure in NPR*

| Particulars | This Quarter Ending Chaitra 2081 | Previous Quarter Ending Poush 2081 | Corresponding perviuous year Quarter ending Chaitra 2080 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non current Assets** | | | |
| Property Plant and Equipment | 1,063,074 | 773,007 | 845,340 |
| Intangible Assets | 1,025,649,333 | 1,037,903,008 | 1,075,263,833 |
| Other Non Current Assets | | | - |
| **Total Non Current Assets** | **1,026,712,407** | **1,038,676,015** | **1,076,109,173** |
| **Current Assets** | | | |
| **Financial Assets** | | | |
| Trade & Other Receivables | 48,522,581 | 59,062,300 | 48,724,024 |
| Short Term Loans & Advances | 73,816 | 61,604 | 60,345 |
| Cash and Cash Equivalent | 30,681,281 | 31,547,973 | 32,123,204 |
| Other Current Assets | 977,892 | 953,076 | 1,109,646 |
| **Total Current Assets** | **80,255,570** | **91,624,954** | **82,017,219** |
| **Total Assets** | **1,106,967,977** | **1,130,300,969** | **1,158,126,392** |
| **Equity and Liability** | | | |
| **Equity** | | | |
| Share Capital | 620,000,000 | 620,000,000 | 620,000,000 |
| Reserve and Surplus | (164,194,346) | (157,272,881) | (159,446,734) |
| **Total Equity** | **455,805,654** | **462,727,119** | **460,553,266** |
| **Liability** | | | |
| **Non Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Loans and Borrowings (Long Terms) | 606,310,910 | 616,354,644 | 636,165,920 |
| Lease Liabilities | 114,958 | 114,958 | 221,105 |
| **Total Non Current Liabilities** | **606,425,868** | **616,469,602** | **636,387,026** |
| **Financial Liabilities** | | | |
| Loans and Borrowings (Short Term) | 34,647,108 | 32,744,084 | 32,744,084 |
| Trade and other Payables | 4,052,056 | 5,388,491 | 3,531,740 |
| Retention Liabilities | 1,307,204 | 1,307,204 | 1,307,204 |
| Other Current Liabilities | 4,730,086 | 11,664,467 | 23,603,072 |
| **Total Current Liabilities** | **44,736,454** | **51,104,247** | **61,186,100** |
| **Total Liability** | **651,162,322** | **667,573,849** | **697,573,126** |
| **Total Equity and Liability** | **1,106,967,977** | **1,130,300,969** | **1,158,126,392** |

### Unaudited Income Statement
For the period 1st Shrwan 2081 to 31st Chaitra 2081

| Particulars | This Quarter Ending Chaitra 2081 | Previous Quarter Ending Poush 2081 | Corresponding perviuous year Quarter ending Chaitra 2080 |
|---|---|---|---|
| **Revenue from operation** | 104,711,420 | 82,699,822 | 93,522,941 |
| Cost of Sales | 10,839,801 | 7,991,547 | 10,083,981 |
| **Gross Profit** | **93,871,618** | **74,708,275** | **83,438,961** |
| Other Income | - | - | - |
| **Expenses** | | | |
| Employee Benefits | 1,734,660 | 1,186,440 | 291,150 |
| Administrative Expenses | 3,731,356 | 3,296,342 | 1,983,950 |
| IPO Issue Expenses | - | - | - |
| Depreciation and Amortization Expenses | 36,926,670 | 24,617,780 | 37,210,876 |
| **Total Expenses** | **42,392,686** | **29,100,562** | **39,485,976** |
| **Profit Before Financial Cost, Bonus & Tax** | **51,478,933** | **45,607,713** | **43,952,985** |
| Finance Cost | 39,106,644 | 26,313,959 | 40,553,962 |
| **Profit Before Bonus & Tax** | **12,372,289** | **19,293,754** | **3,399,022** |
| Staff Bonus | - | - | - |
| **Profit Before Tax (PBT)** | **12,372,289** | **19,293,754** | **3,399,022** |
| Income Tax Expenses | - | - | - |
| **Profit for the Period** | **12,372,289** | **19,293,754** | **3,399,022** |

**Notes: The figures are regrouped and rearranged where necessary.**
**The Unaudited Financial figure are subject to change from external auditors and regulatory authority.**

### धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३
(अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
आ.व. २०८१/८२ को तेश्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**

क. आ.व. २०८१/८२ को तेश्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाव किताव मिती २०८२/०१/२५ गतेको प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित गरिनेछ ।

ख. उक्त वासलातको आधारमा कम्पनीको मुख्य वित्तिय अनुपात निम्नानुसार छन् ।

| | | | |
|---|---|---|---|
| **प्रति शेयर आम्दानी** | २.०० | प्रति शेयर कुल सम्पत्तिको मुल | १७८.५४ |
| **प्रति शेयर नेटवर्थ** | ७३.५२ | मूल्य आम्दानी अनुपात | ३४०.०९ |
| **तरलता अनुपात** | १.७९ | | |

२. **व्यवस्थापकीय विश्लेषण :**
यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यवसायिक योजना अनुरुप नै कार्यहरु हुदैछन् । यस त्रैमासिक अवधिमा विद्युत बिक्रीबाट हुने आम्दानी सन्तोषजनक रहेको पाईएको छ ।

३. **कानुनी कारबाही सम्बन्धी विवरण :**
यस त्रैमासिकमा संस्थाले कसै विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र सञ्चालक वि?द्ध कुनै मुद्दा मामिला परे/गरेको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषणः**
धितोपत्र बजारमा संस्थाको शेयर कारोबार निम्नानुसार सामान्य प्रकृति बाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको अधिकतम, न्यूनतम, अन्तिम मूल्य काराबार भएको कुल दिन तथा कारोवार संख्या स्टक एक्सचेन्ज लि. को वेवसाईट अनुसारः

| | | | |
|---|---|---|---|
| **अधिकतम मूल्य रू.** | ९३७.०० | अन्तिम मूल्य रू. | ६७८.६६ |
| **न्यूनतम मूल्य रू.** | ६५९.१० | कारोवार दिन | ५६ |
| **कारोवार संख्या** | ७६९४ | | |

५. **समस्या तथा चुनौती :**
बृद्धि हुँदा पनि साना खाले विद्युत आयोजनाको मूल्य समाहीत हुन नसक्नु यस क्षेत्रको चुनौती बनेको छ । आइपर्ने समस्या चुनौती समाधानका उपायहरु बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनीति बनाई सो को निराकरण गर्न खोजेको छ ।

६. **संस्थागत सुशासन :**
संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी वृत्रि विकास, आवस्यक कार्यकक्ष र सामाग्रिहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**
आजका मिती सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण लगानीकर्ताहरु सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।

---


## मलेसियामा रोजगार
**कम्पनी : GCH RETAIL SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | LT. No. 323063 | चलानी नं. ६०२३७०२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 400 | 0 | 1700 | ५४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १ गते (15th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKYWAYS BUREAU SERVICES PVT.LTD.**
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67

## युएइमा रोजगार
**कम्पनी : Al Aberah Electrical and Mechanical Works**

पूर्व स्वीकृति मिति : २०८२/०१/२३ | LT. No. 322973 | चलानी नं. ६०२३७०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 10 | 0 | 900 | ३३,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १ गते (15th May 2025) मा हुनेछ ।**


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Sandiya Human Resources Pvt. Ltd.**
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com
श्रम ईजाजत नं. १०९७/०७३/०७४

## कतारमा रोजगार
**कम्पनी : AMIANTIT QATAR PIPES CO. LLC**

पूर्व स्वीकृति मिति : २०८०/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२४ | LT. No. 295540 | चलानी नं. ६०१९४३२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 30 | 0 | 1000 | ३७,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |


**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १ गते (15th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.**
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806
श्रम ईजाजत नं. ०८५/०५३/०५४

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# शान्तिको मार्ग अपनाउन आग्रह गरौं

**भारतको पर्यटकीय क्षेत्र पहलगाममा अप्रिल २२ मा अन्धधुन्ध आक्रमणमा परी २६ जनाको मृत्यु भएको थियो । उक्त घटनाको दोष भारतले पाकिस्तानलाई लगाउँदै उचित समयमा जवाफ फर्काउने भनेको थियो । नभन्दै भारतले बुधबार बिहानैबाट पाकिस्तानी सीमामा हवाई हमला थाल्यो ।**

**इजरायल प्यालेस्टाइन भिडन्तको झल्को दिनेगरी भारत र पाकिस्तान बिहानैबाट आक्रमणमा उत्रिएका छन् । जसका कारण सीमा क्षेत्रका मानिसहरू निकै त्रसित बनेका छन् । पछिल्ला दिनहरूमा राजनीतिक त्रासबाहेक दक्षिण एसिया शान्त थियो । श्रीलंका, अफगानिस्तान र बंगलादेशको राजनीतिक उथलपुथलपछि शान्त रहेको दक्षिण एसिया फेरि युद्धले तातेको छ ।**

**भारत र पाकिस्तान दशकौंदेखि शत्रुतापूर्वक लडिरहेका छन् । उनीहरूले मुख्य विषय धर्मलाई बनाएको छ । पहलगाम आक्रमणमा केही नसोधि धर्म सोधेर हत्या गरेको भन्दै यसलाई अतिरञ्जित बनाइयो । जसकारण पनि भारतलाई यो हमला गर्न जनताबाट पनि साथ पायो । यद्यपि भारतीय पक्षको हमलापछि पाकिस्तानले पनि आक्रमण गर्दा दुवै पक्षको क्षति भएको छ ।**

**समाचार एजेन्सीहरूको रिपोर्ट सत्य हो भने यो घटनामा ४० जना भन्दा बढी मानिसहरूको मृत्यु भइसकेको छ । भारतीय पक्षको १५ जना र पाकिस्तानी पक्षका २६ जनाको मृत्यु भएको भारतीय सञ्चार माध्यमले उल्लेख गरेका छन् । घटनामा परी १०० जनाभन्दा बढी घाइते भएका छन् । यस्तो अवस्थामा एसियाको शक्तिशाली मुलुकहरूले संयमता अपनाउन पहल गर्नुपर्छ । नेपालले पनि यस विषयमा संयमता अपनाउन आग्रह गर्न सक्छ । तर नेपालले यसबारे केही बोलेको छैन ।**

**सार्क राष्ट्रको एक सदस्य र शान्तिको संवाहक देश भएकोले पनि नेपालले यस विषयमा भारत र पाकिस्तानलाई युद्धविरामका लागि आग्रह गर्नुपर्छ । कुनै बेला एक रहेको देश अहिले विविध कारण फुटेको छ । यही दुई देशबीच भाइचारा कायम हुनुपर्नेमा भने युद्ध भड्किएको छ ।**

**जसकारण एसियाका कमजोर मुलुकहरूलाई सकस पर्ने देखिन्छ । युद्धका कारण व्यापार व्यवसायमा असर पर्ने कुरा त छँदै छ । यसले बसाइँसराइँदेखि यी क्षेत्रमा बस्ने बासिन्दाको असुरक्षा बढेर जाने देखिन्छ । सीमा क्षेत्रमा बसोबास गर्नेहरू तेस्रो मुलुकमा जानुपर्ने बाध्यता यस्तै घटनाबाट सिर्जना गराउँछ । भुटानी शरणार्थी, रोहिंग्या शरणार्थी यस्तै घटनाका कारण सिर्जना भएका हुन् । यस्तो द्वन्द्व जारी रहे नेपाल आफैंलाई पनि असर हुन सक्छ । यसैले यस्तो विषयमा नेपालले पनि कूटनीतिक पहल गरेर युद्ध रोक्न र संयमता अपनाउन आग्रह गर्न सक्नुपर्छ । युद्धले हैन शान्तिले संसार बदल्ने हो ।**

## श्रम सरोकार

### नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

## आजको सन्दर्भमा

# पत्रकार र पत्रकारिता



■ डा. कुन्दन अर्याल

> पत्रकारिताको भौतिक उपस्थितिका रूपमा कुनै बेला छापा थियो, अबको समयमा नरहन सक्छ । तर पत्रकारहरूको समयानुकूल सिर्जनशीलता र अनुकूलनको क्षमताले पत्रकारितालाई अघि बढाउँदै लैजाने छ भन्ने विश्वास गर्न सकिन्छ । यो विश्वास पूरा हुन नसकेको अवस्था आयो भनेचाहिँ के हुन्छ ? पत्रकारहरूले पत्रकारितालाई डोऱ्याउन सक्दैनन्, अनि माध्यम र सन्देश दुवै पत्रकारिताको मूल्य र मान्यताविमुख हुन पग्दछन्, जसले गर्दा प्रभावले अन्योलग्रस्त अवस्था सिर्जना गर्ने छ ।

एक पटक कक्षाबाट बाहिरिँदै गर्दा लालदेउसा राई भन्दै हुनुहुन्थ्यो, पत्रकार पहिले जन्मिए, त्यसपछि मात्र संसारमा पत्रपत्रिकाको जन्म भएको हो । केही जिज्ञासु विद्यार्थी कक्षा कोठा बाहिर पनि झ्याम्मिएर उहाँको रमाइलो कुरा सुनिरहेका थिए । हल्का ढंगले अभिव्यक्त उहाँको संक्षिप्त र अनौपचारिक तर्कले मलाई पनि तान्यो । तर आज जति जति समय बित्दै जाँदै छ, म उति बुझ्दै छु उहाँले भन्नुभएको कुरा कति गहिरो रहेछ । यदि पत्रकारितालाई सूचना र समाजका विभिन्न तह र तप्काहरूबीचको अन्तरसम्बन्ध अनि एकीकरणको औजार मान्ने हो भने यस्तो कार्य त मानव सभ्यताको प्रारम्भिक समयदेखि नै हुँदै आएको छ । फरक यति हो, समयक्रममा विकसित हुँदै गएका साधनले मानव सञ्चारलाई झनझन सशक्त बनाउँदै लगेका छन् । पत्रकारहरूले पत्रकारिता गर्नका लागि आफ्नो समयमा उपलब्ध साधनहरूलाई अंगीकार गर्दै आएका छन् । यति भने पछि अझ प्रस्टसँग बुझ्न सकिन्छ, पत्रकारिता पत्रकारभन्दा पछि आएको हो भन्नुको अर्थ के हो ?

नेपालको मात्र होइन, संसारकै निरन्तर चलिरहेको पुरानो अखबारका रूपमा सुपरिचित गोरखापत्रको वार्षिकोत्सवलाई राष्ट्रिय पत्रकारिता दिवसका रूपमासमेत मनाउँदै गर्दा मलाई पत्रकार र पत्रकारितासम्बन्धी त्यो पुरानो प्रसंगको सम्झना हुनुको विशेष कारण छ । नेपालमा १२५ वर्षदेखि एउटा अखबार निरन्तर बजारमा आइरहेको छ, यो राष्ट्रिय गौरवको विषय हो । गोरखापत्र सुरु हुँदा संसारमै रेडियो प्रसारण त सुरु भएको थिएन भने टेलिभिजनको त कुरै भएन, इन्टरनेट र यसका उपक्रमहरू त धेरैपछि सुरु भए । गोरखापत्रको अत्यन्त औपचारिक टिप्पणीबाट माथि उठेर गम्ने हो भने राष्ट्रिय पत्रकारिता दिवसका रूपमा हामीले एउटा यस्तो दिन पाएका छौं, जुन दिन हामी समकालीन नेपाली समाजमा आमसञ्चार माध्यमको स्थान, विश्वसनीयता र प्रभावको समीक्षा गरेर सार्थकरूपमा मनाउन सक्दछौं । आजको नेपाली पत्रकारिताको समाजशास्त्र बुझ्न हचारोल्ड लासवेलको बहुचर्चित सञ्चार नमूनाका आधारमा शोध प्रश्न बनाउन सकिन्छ- कसले के भन्यो, कुन माध्यमबाट, कसलाई, अनि के प्रभाव पाऱ्यो ? आजको नेपाली आमसञ्चार परिदृष्यमा सम्प्रेषक, सन्देश, माध्यम, प्रापक र प्रभावको विश्लेषण गर्दा सदृष्य हुने चुनौतीहरूमध्ये माध्यम र त्यसैसँग जोडिने प्रभावको विषय सबैभन्दा उल्लेखनीय देखिन्छ ।

आज पत्रपत्रिका वा छापा ओरालो लागिरहेका छन्, समाज र शासकको निगरानी गर्ने अनि सामाजिक मूल्य र मान्यताको प्रसार गर्ने भूमिकामा रहेका पत्रकारहरू उन्नत सञ्चार प्रविधिले अस्तित्वमा ल्याएको नयाँ माध्यममा अभ्यस्त हुन संघर्षरत छ । यो विश्वभरिको कथा हो, नेपाल पनि अपवादका रूपमा रहन सक्दैन । पत्रपत्रिका नरहने भोलिको अवस्थामा पनि पत्रकारिता रहनुपर्ने छ, पत्रकारहरूले गर्नुपर्ने अबको संघर्ष यही हो । राज्य र समाजले पनि सोच्नुपर्ने विषय हो यो ।

सञ्जालको निर्माण त मानव सभ्यतामा अहिलेसम्म अस्तित्वमा आएका सबै सञ्चारमाध्यमका प्रवृत्ति नै हो । तर इन्टरनेटले जन्माएको सञ्जाल अभूतपूर्व छ, खासगरी सामाजिक सञ्जालले एकातिर व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताका दृष्टिले अभूतपूर्व रूपमा सशक्त बनाएको छ । अर्कोतिर यसले समाजको सूचना र सञ्चार आवश्यकता जिम्मेवारीपूर्वक पूरा गर्न अत्यावश्यक सम्पादित सामग्रीको प्रसार गर्ने पत्रकारिताकासामु गम्भीर चुनौती प्रस्तुत गरेको छ । आज सूचना र सञ्चार जगत्मा संगठित आमसञ्चारमाध्यमको प्रभुत्वको अन्त्यमात्र भएको छैन, अन्तर्वस्तुका प्रयोगकर्तामा सामग्रीको समीक्षा गर्ने क्षमतासमेत अकल्पनीय रूपमा बढेको छ । यस्तो समयमा खासगरी कृत्रिम बौद्धिकतासहितको सूचना प्रविधिको यथोचित र नैतिक प्रयोगको सीपका दृष्टिले नेपाली पत्रकारहरूको पुर्नजन्म हुन जरुरी छ ।

सञ्चार प्रविधि आज कसरी दुईधारे तरबार बन्न पुगेको छ भन्ने कृत्रिम बौद्धिकताको नैतिकता बेगरको प्रयोगले देखाएको छ । उत्तर आधुनिक र सूचना समाजमा छवि र प्रतिनिधित्वका सन्दर्भमा आएको उन्नतिले सत्यलाई यति बहुरूपमा प्रस्तुत गरिरहेको छ, डिजिटल मिडियाका प्रयोगकर्ताका निम्ति सत्यपन निकै कठिन हुन पुगेको छ । साथै, पत्रकारिताको ज्ञान र सीपबाट सुसज्जित व्यावसायिक पत्रकारहरूका सामु इन्टरनेटको उपज सामाजिक सञ्जाल र अन्तर्वस्तुको द्रुत उत्पादकका रूपमा कृत्रिम बौद्धिकताका औजारहरूले मूलतः नैतिक चुनौती तेर्स्याएका छन् । अहिले तत्कालीनरूपमा पत्रकारको रोजगारी र जीविकोपार्जनमाथिको चुनौतीका रूपमा देखिएको कृत्रिम बौद्धिकताबाट तत्क्षण सामग्री तयार गर्ने प्रवृत्तिले पनि अन्ततः समाजलाई नैतिक संकटमा पुऱ्याउने छ । गहन अनुसन्धान, सिर्जनशीलता, लगनशीलता र निरन्तरताको कसीमा दरिएका होइनन्, कम्प्युटरमा कमाण्ड दिएर तत्क्षण हासिल गरिएका सामग्रीले अन्ततः समाजलाई नै भूलभूलैयाको वातावरणमा रुमल्याउने छ ।

विश्वमा लिपीको विकासपछि एक समयमा हस्तलिखित पुस्तक र सूचनापत्र निस्कनु स्वाभाविकै थियो । तर सञ्चारका ती साधन अहिलेका सञ्चारमाध्यमजस्ता व्यापक र प्रभावशाली थिएनन् । पन्ध्रौं शताब्दीको मध्यमा गुटेनवर्ग प्रेसले माध्यमको स्वरूप नै परिवर्तन गरिदियो र आमसञ्चार माध्यमको युग सुरु भयो । सत्रौं शताब्दीको उत्तरार्द्धसम्म छापिएका पत्रपत्रिका निस्कन थाले र त्यस बेलासम्म छापाका मानिसको समय सुरु भइसकेको थियो । त्यसबेला किताबजस्तो बाँधिएको होइन, खुला चौडा कागजमा सूचना र टिप्पणीसमेत छापेर वितरण गराउने कार्यलाई पत्रकारिता भन्न थालियो । तर सूचनाको आदानप्रदान त त्यसअघि पनि त हुने गर्दथ्यो । मानिस त स्वाभावैले असञ्चारको अवस्थामा रही रहन सक्दैन, कसले सञ्चार कसरी वा कुन माध्यमबाट गर्दछ भन्ने मात्र हो ।

समयक्रममा पत्रकारिताको अर्थ विस्तार हुँदै गयो, पत्रमा सूचना प्रस्तुत गरेर यस्तो नाम हासिल गरेको पत्रकारिता रेडियोमा बोलीमार्फत र टेलिभिजनमा ध्वनि र चित्रमार्फत झन प्रभावकारी रूपमा हुन थाल्यो । आज सञ्चार प्रविधिको सम्मिलनका कारण उत्पन्न माध्यमसमेतको सम्मिलनको स्थितिले पत्रपत्रिका बेगरको पत्रकारिताको बाटो बनाइसक्यो । अध्येताहरू प्रयोगसिद्ध अनुसन्धानका आधारमा भन्दै छन्, धारणा निर्माण गर्ने भूमिका अब परम्परागत पत्रकारिताबाट सामाजिक सञ्जाल र डिजिटल मिडियामा सरिसक्यो । बीसौं शताब्दीको सुरुआतमा अखबारको प्रभावलाई मध्यनजर गर्दै विज्ञहरू भन्दथे, बाह्य संसारको तस्बिर सर्वसाधारणको मस्तिष्कमा कुँदिदिने आमसञ्चारमाध्यम जनमत निर्माता हुन् । आज उत्तर आधुनिककालसम्म आइपुग्दा सञ्चार प्रविधिको यति विकास भएको छ, कुनै घटना, विचार वा संसारिक विषयका कुनै पाटोलाई पुनर्निर्माण वा प्रतिनिधित्व गरेर होइन, हुँदै नभएको देखाउँदा पनि सजिलै थाहा पाउन सकिँदैन । गहिरो मिथ्या, गलत सूचना सबै यति सहजै र व्यापकरूपमा फैलन सक्छन, सम्पादित सामग्रीको महत्त्व झन बढेको छ । यसरी इन्टरनेटको द्रुत प्रवाह र कृत्रिम बौद्दिकताको तीव्र गतिको यो समयमा पत्रकारिताको महत्त्व झन बढेको छ ।

आज पत्रकारिता नयाँरूपमा छ, 'डिजिटल जर्नालिजम' । आउने समयमा कागजमा त पत्रपत्रिका नभेटिन सक्छ । तर पत्रकारिता त रहने छ, किनकि सूचना, अभिप्रेरणा, समाजका विभिन्न तह र तप्काबीचको अन्तरसम्बन्धको निरन्तरता र एकीकरण अनि ज्ञानको पुस्तान्तरण र मनोरञ्जनका लागि सशक्त पत्रकारिता चाहिन्छ । अफवाह, बनावटी सूचना र भ्रमहरूको निस्सासिँदो परिवेशलाई चिर्न ज्ञान र सीप भएका नैतिक सञ्चारकर्मीहरुले अघि बढाउने व्यावसायिक पत्रकारिताको आवश्यकता कृत्रिम बौद्धिकताको चरमोत्कर्षमा झन बढी पर्ने छ । त्यसैले कागजमा प्रस्तुत गरिने सूचना वा टिप्पणीका सामग्रीलाई पत्रपत्रिका भन्ने हो भने आउने कुनै समयमा पत्रपत्रिका नरहन पनि सक्छ । सन् २००४ मै अमेरिकी पत्रकार फिलिप मेयरले सन् २०४३ मा अमेरिकामा कागजमा छापिने अखबारको अन्तिमप्रति छापिने भविष्यवाणी गरिसकेका छन् । आज न राजधानीको भूगोलपार्कमा अखबारहरू भुइँमा बिछ्याएर बेचेको देखिन्छ, न पत्रपत्रिकाका पसलमा अखबारहरू लहरै झुण्डयाइएको देखिन्छ ।


जसरी पत्रपत्रिकाभन्दा पहिले पनि पत्रकारिताको प्रारूपको आकलन गर्न सकिन्छ । त्यसैगरी पत्रपत्रिका नरहने अवस्थामा पनि पत्रकारिता रहने छ । अबको संसारमा नबाँधिएको, समाचार र समाचारजन्य मानव रुचिका सामग्री छापिएका मूल्य अंकित र मूल्य तिर्ने जोसुकैले प्राप्त गर्नसक्ने खुला पानालाई समाचारपत्र, अखबार वा पत्रिका भन्ने हो मिल्दैन । त्यसैगरी त्यस्ता पत्रपत्रिका प्रकाशन गर्ने कामलाई पत्रकारिता भनिन्छ भन्यो भने पनि पत्रकारिताको परिभाषा पूर्ण हुन सक्दैन । अहिले जसरी परम्परागत पत्रकारिता र नयाँ पत्रकारिता भन्ने भेद छुट्टयाउन थालिएको छ, आउने समयमा त्यो विभेद हराउने छ र केवल पत्रकारिता जीवित रहने छ, भौतिक रूपमा कागजमा छापिने अखबार विलुप्त होलान, डिजिटल स्पेशमा पत्रकारिता मुखरित हुने छ ।

जसरी कुनै बेला बोली वा श्रवण अनि त्यसपछि लिपी र छापाको प्रभावको युग थियो, त्यसगरी यो युग, मक्लुहानको इलेक्ट्रिक युग वा हामीले देखेको इन्टरनेट र यसका उपजको प्रभावको युग हो । त्यसैले आजका नेपाली पत्रकारहरूको चुनौती पत्रकारिताको नयाँ सुरुआतलाई प्रभावकारीरूपमा अंगीकार गर्ने क्षमता हासिल गर्नु हो । त्यसैले नयाँ सन्दर्भमा समाजलाई सुसूचित गर्ने, शक्तिमा रहनेहरूको निगरानी गर्ने, समाजका अंगहरूलाई जोड्ने आफ्नो भूमिकाको निरन्तरताका लागि पत्रकारहरूले संघर्ष गर्नुको विकल्प छैन । यो संघर्ष २१औं शताब्दीको एक चौथाइ व्यतीत गर्न लागिएको समयमा बदलिएको सूचना र सञ्चारको पारिस्थितिसँगको अनुकूलनको प्रयत्न हो ।

पत्रकारहरूको उपस्थितिविना लोकतान्त्रिक खुला र बहुलवादी समाजको अस्तित्वको कल्पना गर्न सकिँदैन । तर समाज विकासको नियमकै अधीनमा पत्रकारिताको माध्यमको परिवर्तन वा रूपान्तरण हुँदै आएको छ । सिपी स्कटले यही सन्दर्भमा सय वर्षअघि नै अखबारको नैतिक र भौतिक उपस्थितिलाई औंल्याएको हुनुपर्दछ । अखबारको त्यो बेलादेखिको नैतिक उपस्थिति भनेको पत्रकारिताजस्तो पवित्र पेसा र शताब्दीऔंको अभ्यासबाट स्थापित यसको व्यावसायिक धर्म नै हो । पत्रकारिताको भौतिक उपस्थितिका रूपमा कुनै बेला छापा थियो, अबको समयमा नरहन सक्छ । तर पत्रकारहरूको समयानुकूल सिर्जनशीलता र अनुकूलनको क्षमताले पत्रकारितालाई अघि बढाउँदै लैजाने छ भन्ने विश्वास गर्न सकिन्छ । यो विश्वास पूरा हुन नसकेको अवस्था आयो भनेचाहिँ के हुन्छ ? पत्रकारहरूले पत्रकारितालाई डोऱ्याउन सक्दैनन्, अनि माध्यम र सन्देश दुवै पत्रकारिताको मूल्य र मान्यताविमुख हुन पग्दछन्, जसले गर्दा प्रभावले अन्योलग्रस्त अवस्था सिर्जना गर्ने छ । *रासस*

*(लेखक त्रिभुवन विश्वविद्यालयको पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्रमुख हुन्)*

# देशलाई आर्थिकरूपमा सबल बनाउनुपर्छ



■ लक्ष्मी महतो कोइरी

संविधानको कार्यान्वयन भइरहेको छ । संविधान एकैपटक कार्यान्वयन हुने होइन । यो विस्तारै कार्यान्वयन हुने कुरा हो । यो १० वर्षमा दुईवटा निर्वाचन सम्पन्न भएको छ । त्यसलाई पनि संविधान कार्यान्वयनको बाटोका रूपमा हेर्नुपर्छ । संविधानमा भएको विषय संसद्मा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित भएको छ । स्थानीय, प्रदेश र संघीय गरी तीन तहको सरकारमा महिला, आदिवासी, जनजाति, मधेसी, दलित र सबै क्षेत्र तथा समुदायको प्रतिनिधित्व भएको छ । हामी नकारात्मकमात्र पनि हुनु हुँदैन ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना क्रमशः संविधान कार्यान्वयन भएको छ । अपेक्षानुसार भएको छैन । संविधानको कार्यान्वयन रातारात हुन्छ भन्ने पनि होइन । काम गर्दैगर्दा संवैधानिक व्यवस्थाको आवश्यकता खड्किएको हुन्छ, त्यसको आधारमा संशोधन गर्ने हो । समय, परिस्थितिअनुसार संशोधन गर्नुपर्ने आवश्यकता हुन्छ । संसद्मा जनताका सवाल पर्याप्त मात्रामा उठेका छन् ।

तर संसद्मा उठेका सबै विषयवस्तु सरकारले कार्यान्वयन गर्न सक्दैन । सबै सांसदको चाहना हुन्छ कि सरकारले काम गरिदेओस् । तर ती माग पूरा गर्न सरकारको आर्थिक अवस्था कस्तो छ भन्ने मुख्य कुरा हो । यदि सरकारको आर्थिक अवस्था कमजोर छ भने कसरी माग पूरा गर्न सकिन्छ ? त्यसकारण संसद्मा सांसदले जति माग उठाए पनि देशको आर्थिक अवस्था कमजोर छभने जति बोले पनि अर्थ हुँदैन ।

मधेसी समुदायले पहिलेको तुलनामा अधिकार पाएको छ । मधेसी समुदायका निम्ति निजामतीमा आरक्षणको व्यवस्था गरिएको छ । मधेसी समुदायबाट राष्ट्रपति, उपराष्ट्रपति, उपप्रधानमन्त्री, मन्त्री र प्रदेशको मुख्यमन्त्री पनि बनेका छन् । मधेसी समुदायका निम्ति धेरै विषय संविधानमै व्यवस्था गरिएको छ । तर पनि मधेसका किसानका लागि सिँचाइको समस्या छ । बीउ र मलको अभाव छ । त्यसका लागि सरकारले ध्यान दिनुपर्छ ।

अहिलेको संघीय व्यवस्था नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र मधेसवादी दलहरूको लामो संघर्षबाट ल्याइएको हो । यो संघीयतालाई कम आकलन गर्नु हुँदैन । जुन माननीयले संसद्मा संघीयताको विरोधमा बोलेको हुन्छ, त्यसलाई कारबाही हुनुपर्छ । संविधानविपरीत बोल्ने सांसदलाई कारबाही हुनुपर्छ । संघर्षबाट प्राप्त संवैधानिक अधिकारका विरुद्ध बोल्नेविरुद्ध कानुन बनाएर कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । त्यही संविधानअन्तर्गत चुनाव लड्ने, अनि त्यही संविधानको विरोध गर्ने भन्ने हुँदैन । संवैधानिक अधिकार पनि प्राप्त गर्ने, अनि त्यही संविधानको विरोध गर्ने ? अब हामीले संसद्मा यही कुरा उठाउने पक्षमा छौं ।

युवा पलायन रोक्न देशभित्र रोजगारी र विदेशी लगानीको वातावरण बनाउनुपर्छ । विदेशी लगानीमा देशभित्र उद्योग र कलकारखाना खोल्नुपर्छ । त्यसपछि रोजगारीका निम्ति विदेश जाने युवालाई रोक्न सकिन्छ । देशको आफ्नै स्रोतसाधनबाट रोजगारी सृजना गर्न सकिन्छ । त्यसतर्फ सरकारको ध्यान जानुपर्छ । द्वन्द्वकालमा देशको धेरै संरचना ध्वस्त भएका छन् ती संरचनाको विकास गर्नुपर्ने छ । जनयुद्धमा तोडफोड भयो, देशको ठूलो क्षति भयो । तर माओवादीले पटकपटक सरकारको नेतृत्व गर्दा पनि भत्किएका संरचना बनाउन सकेको छैन ।

लोकतन्त्रमा फरक मत राख्न पाइन्छ । आफ्ना विभिन्न माग राख्न पाइन्छ । राजसंस्था पक्षधरले पनि आफ्ना माग राख्न पाउँछन् । तर असम्भव कुरा गर्नु हुँदैन । हामी अब संघीय लोकतान्त्रिक गणतन्त्रमा अगाडि बढिसकेका छौं । यो व्यवस्थाबाट फेरि पछाडि फर्कने कुरा हुँदैन । दुईचार जना सडकमा उफ्रिँदैमा केही हुँदैन । दलहरूले अहिलेको व्यवस्थालाई अझ बलियो बनाउँदै लैजानुपर्छ । यसैलाई सुधारेर लैजानुपर्छ । देशको विकासका लागि सानादेखि ठूलासम्मका सबै दल एक ठाउँमा आउनुपर्छ । हिजो चुनावमा नेताहरू लड्नु स्वाभाविक हो ।

चुनाव जितिसकेपछि देश विकासका निम्ति एकताबद्ध हुनुपर्छ । सरकारले गरेका राम्रा कामको समर्थन गर्न सक्नुपर्छ । अहिलेको सरकार सही 'ट्र्याक'मा छ । देशमा देखिएका सबै समस्या समाधान गर्ने हो भने देशको आर्थिक अवस्था बलियो हुनुपर्छ । देश आर्थिक रूपमा सम्पन्न हुनसकेको छैन । अनि सबैले मागमात्र उठाइरहेका छन् । यदि सरकारसँग पैसा छैन भने सबै योजना असफल हुन्छन् । योजना सफल बनाउन देशको अर्थतन्त्र बलियो हुनुपर्छ ।

*(प्रतिनिधिसभा सदस्य कोइरीसँग राससले गरेको कुराकानीमा आधारित)*

# सुर्नयामा १० शय्याको अस्पताल निर्माण हुँदै

**बैतडी (प्रस)–** जिल्लाको सुर्नया गाउँपालिकामा १० शयचाको आधारभूत अस्पतालको भवन निर्माण तीव्र गतिमा भइरहेको छ । सुर्नया-५ पपितामा निर्माण भइरहेको अस्पताल हालसम्म करिब ७० प्रतिशत काम पूरा भएको हो ।

सुर्नया गाउँपालिकाका अध्यक्ष अमरबहादुर कुँवरले १० शयचा अस्पताल निर्माण तीव्र गतिमा भइरहेको बताउँदै 'ए' ब्लकमा तेस्रो तलाको छत ढलान गरी 'बी' ब्लकमा काम भइरहेको जानकारी दिए । उनले भने, 'पछिल्लो समय अस्पताल निर्माण धमाधम भइरहेको छ । करिब ७० प्रतिशत काम सम्पन्न भइसकेकाले यथाशीघ्र सम्पन्न हुने विश्वास लिएका छौं ।'

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको 'एक पालिका, एक अस्पताल' बनाउने योजनाअनुसार सुर्नया पनि १० शयचाको अस्पताल निर्माण भइरहेको हो । दुई वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी १४ करोड रूपैयाँमा सिएम एसके शिवलिङ जेबीसँग वि.सं. २०७८ मा भवन निर्माणको ठेक्का सम्झौता भएको थियो ।

निर्धारित समयसीमा सकिएपछि म्याद आगामी असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको सुर्नया गाउँपालिका सबइञ्जिनियर शेरबहादुर विष्टले जानकारी दिए ।

गाउँपालिकाका अध्यक्ष कुँवरले स्वास्थ्य सेवा पहिलो प्राथमिकतामा रहेको बताउँदै प्रत्येक नागरिकलाई सस्तो, सहज र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य रहेको उल्लेख गरे । उनले भने, 'अस्पताल निर्माणपछि उपचारका लागि बाहिर जानुपर्ने बाध्यताको अन्त्य हुने छ । नागरिकले गाउँमा सहज र सुलभ रूपमा स्वास्थ्य सेवा दिने हाम्रो लक्ष्य छ ।'

# दोवामा 'एक घर, एक धारा' बाट ४२२ घरपरिवार लाभान्वित

**म्याग्दी–** म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवामा 'एक घर, एक धारा' सहितको खानेपानी आयोजना निर्माण भएको छ । गण्डकी प्रदेश सरकारको बजेटबाट खानेपानी जलस्रोत तथा सिचाई डिभिजन कार्यालय म्याग्दीले आर्थिक वर्ष २०७५/७६ देखि सुरु भएको योजना सात वर्षमा सम्पन्न भएको हो ।

करिब पाँच करोड रूपैयाँ लगानीमा चारवटा योजनामा निर्माण भएको योजनाबाट ४२२ घरपरिवार लाभान्वित भएका कार्यालयका प्रमुख सिनियर डिभिजनल प्रमुख झलकमोहन ओझाले जानकारी दिए ।

उनका अनुसार चालु आर्थिक वर्षमा विनियोजन भएको २० लाख रूपैयाँबाहेक गत आर्थिक वर्षसम्म उक्त योजना निर्माणमा चार लाख ६७ लाख ९६ हजार रूपैयाँ खर्च भएको छ । पर्याप्त बजेट विनियोजन नहुँदा योजना निर्माण गर्न सात वर्ष लागेको हो ।

गरेकखोला, चिसेपानी, गरिलाखोर र ओरालखर्कको मुहानको पानीलाई फरक-फरक ठाउँमा निर्माण भएका रिजर्भ टचांकीमा संकलन गरेर पाइपलाइनमार्फत घरघरमा लगेर वितरण गरिएको दोवा खानेपानी योजनाको उपभोक्ता समितिका अध्यक्ष यामबहादुर गर्बुजाले बताए ।

मुहान, टचांकी र मुख्य पाइपलाइनको भौतिक संरचना निर्माणमा सघाएको कार्यालयले मुख्य पाइपलाई निर्माण गरेको हो । शाखा पाइपलाइन खन्न श्रमदान गरेका उपभोक्ताले घरघरमा निजी धारा आफ्नै लगानीमा बनाएका हुन् । योजनालाई व्यवस्थित र दीर्घकालीनरूपमा सञ्चालन गर्न प्रत्येक धारामा मिटर जडान गरेर न्यूनतम शुल्क निर्धारण गरिएको उपभोक्ता समितिका पूर्वअध्यक्ष डमबहादुर पूर्जाले बताए ।

अन्नपूर्ण-१ का वडाध्यक्ष दिलीप गर्बुजाका अनुसार औल र मारका टोलका बासिन्दा र गाईवस्तुले प्रयोग गर्ने खानेपानीको मुहान यसअघि एउटै थियो । आयोजना निर्माण भएपछि शुद्ध खानेपानी उपभोग गर्न पाएका उनले बताए ।

स्थानीयबासी तालदेवी पुनले घरकै धारामा पानी आपूर्ति भएपछि समयको बचत भएको र झन्झट हटेको बताए । 'पानी लिनका लागि मुहानमा जान, आउन लाग्ने समय र झन्झट हटेको छ,' उनले भने, 'शुद्ध र सफा पानी भएपछि दूषित पानीका कारण हुने स्वास्थ्य समस्यामा पनि कमी आएको छ ।' *रासस*


## कुवेतमा रोजगार

कम्पनी : FIRST UNITED ELECTRICAL AND MECHANICAL CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/२४ | LT. No. 318225 | चलानी नं.६०२३२४८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Foreman | 1 | 0 | 200 | ८८,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical Technicians | 14 | 0 | 130 | ५७,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १ गते (15th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## साउदीमा रोजगार

कम्पनी : MACHINARY RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | LT. No. 323228 | चलानी नं. ६०२३७२२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 10 | 0 | 1000 | ३५,९७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १-६ गतेसम्म (15-20th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1096/073/74

YATRA H.R. SOLUTION PVT.LTD.

Old Baneshwor-09, Kathmandu, Nepal, T: +977-1-4114682, +977-1-4114683, 9851046305

Email:- info@yatrahrsolution.com, yatrahr2017@gmail.com, Web: www.yatrahrsolution.com



## युएइमा रोजगार

कम्पनी : TOUCH OF GLASS LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | LT. No. 323246 | चलानी नं. ६०२३७२५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1800 | ६६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 26 | 0 | 800 | २९,३८५ | | | | | | | |
| 3 | Sales Girl | 0 | 20 | 1800 | ६६,१२० | | | | | | | |
| 4 | Welder General | 2 | 0 | 1200 | ४४,०८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १ गते (15th May 2025) मा हुनेछ ।

Govt. License 378/059/060

Broadway Overseas Employment Service Pvt. Ltd.

Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9851116030, 985-1023153, 9810318569, 9851149772, 9851071774



## ओमनमा रोजगार

कम्पनी : AL SHEMEIMI RENWED LLC.

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | LT. No. 323288 | चलानी नं. ६०२३७२३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Juice Makers | 1 | 0 | 140 | ४९,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Service Crew (Sandwich Maker) | 2 | 0 | 140 | ४९,०६५ | | | | | | | |
| 3 | Waiter | 2 | 0 | 140 | ४९,०६५ | | | | | | | |
| 4 | Waiter Coffee Shop/ (Cook/confectioner Assistant) Motor Cycle | 2 | 0 | 140 | ४९,०६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १ गते (15th May 2025) मा हुनेछ ।

DOTI OVERSEAS PVT. LTD.

Govt. License 1294/074/075

Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547

Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np



## युएइमा रोजगार

कम्पनी : WESTERN BAINOONA GROUP FOR GENERAL CONTRACTING-LLC- SPC

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | LT. No. 323312 | चलानी नं. ६०२३७२४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maintainance Mechanic general | 200 | 0 | 800 | २९,३८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १ गते (15th May 2025) मा हुनेछ ।

श्रम इजाजत नं. १४४३/०७४/०७५

Golden Gateway Internatioal P. Ltd.

P.o.Box. No. 10443, Ekata Tole, Sinamangal-9, Kathmandu, Nepal

Tel No. +977-1-4448156, 4465976, E-mail : goldengatewayintenational@gmail.com


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०१/२५

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा, वन डिभिजन कार्यालय सिन्धुलीको चलानी नम्बर २५२६ मिति २०८१/१२/०५ को संकलन सहमती अनुसार घाटगद्दीमा लट बनाई राखिएको साल गोलिया थान ४० को ४५६.७० क्यु.फिट काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन पैदावर वन नियमावली २०७९ को (दोश्रो संशोधन) को नियम (५) (२) (१) (क) बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**कमलामाई नगरपालिका १०, सिन्धुली**

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०१/२५

यस कार्यालयमा २०७९/०८/०१ मा दर्ता भएको प्रा.लि.नं. ३०२३९९ को **ग्रिन रे ईन्जिनियरिङ्ग कन्सर्न प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०१/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०१/२५

यस कार्यालयमा २०७९/०८/१५ मा दर्ता भएको प्रा.लि.नं. ३०२८३६ को **द्वारका सप्लायर्स एण्ड रे मार्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०११/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## लिक्वीडेटर कार्यालयको हकदावी सबन्धी ३५ दिने सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०१/२५

कम्पनी ऐन २०६३ बमोजिम मितिः २०६१-१२-१८ मा दर्ता भएको प्रा. लि. नं. ३३६३२ को **काठमाण्डौ इन्टेरियर्स एण्ड इञ्जीनियरिङ्ग प्रा. लि.** लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मितिः २०८१/१२/३१ गतेको विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर वहादुर रोकाया**
**इजाजत पत्र नं. २८७, फोनः ९८५११६३७२३**

## हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

(तेस्रो पटक प्रकाशित मिति: २०८२/०१/२५)

यस **मुक्तिनाथ फुड बैंक लिमिटेड**को मिति २०८२/०१/१७ गते सम्पन्न विशेष साधारण सभाबाट कम्पनीको संस्थापक शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको १:२४ (एक शेयर बराबर नयाँ चौविस शेयर) निष्काशन गर्ने निर्णय भएकोले प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ३८,४०,००० कित्ता हकप्रद साधारण शेयर मिति २०८२/२/११ गते देखि मिति २०८२/३/१४ गते सम्मको लागि बिक्री खुला गर्ने सञ्चालक समितिको मिति २०८२/०१/२२ गतेको बैठकबाट निर्णय भएको सम्बन्धित शेयरधनीहरुलाई जानकारी गराउँदै सो अवधिभित्र हकप्रद शेयरको दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

**मुक्तिनाथ फुड बैंक लि.**
**MUKTINATH FOOD BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं.**: ०१-४९५००९७
**इमेल :** info@muktinathkrishi.com.np
**वेबसाइट :** muktinathfoodbank.com.np
"गाउँको उत्पादन शहरमा, शहरको पूँजी गाउँमा"

## अधिकृत वारेसनामा वदर गरिएको सूचना

म शशिभुषण शर्मा अ.वा.दिने र मेरो छोरा सुमन्त नेपाल अ.वा.लिने भई श्री काठमाडौं जिल्ला अदालतबाट मिति २०८१।१२।१७ मा द.नं.१७९२ मार्फत नम्रता शर्मा वादी र म शशिभुषण शर्मा समेत प्रतिवादी भई चलेको अंश चलन (०७१-CP-१३६९) मुद्दा तथा त्यस मुद्दामा आई पर्ने अन्य मुद्दा मामिला गर्नको लागि मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३(१) (२) वमोजिम अ.वा. मुकरर गरेकोमा अब उप्रान्त उक्त अ.वा.मा उल्लेखित सम्पूर्ण काम कारवाही म आफैले गर्ने भएकोले उक्त अ.वा.को लिखत मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(ग) वमोजिम वदरका लागि प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित मिति देखि उक्त वारेसनामा वदर भएको जानकारी सम्बन्धित सबैलाई गराउँछु।

## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

(चावहिल काठमाडौं) को

## नाममा रहेको गैह- बितिय सम्पती लिलाम बिक्री सम्बन्धि १५ दिने शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिती: २०८२/०१/२५ गते बिहीबार

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. (कुमारी बिल्डिङ्ग) चावहिल काठमाडौंको नाममा रहेको तपशिल बमोजिमको गैह्र बित्तियसम्पत्ति जग्गा लिलाम बिक्री सम्बन्धि जे-जस्तो अवस्थामा छ सोही अवस्थामा यस कार्यालयले लिलाम बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरु सहित लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट रीतपुर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

**तपशिल**

| क्र.सं. | संस्थाको नाममा रहेको गैह्र बित्तिय सम्पतीको बिवरण | बोलपत्र फारम दस्तुर |
|---|---|---|
| १. | सिन्धुपाल्चोक जिल्ला ठुलोपाखर गा.बि.स. वडा नं. १<br>नक्सा सिट नं.१५७१०७२<br>कित्ता नं. ८९५,८९९,९०१,९०३ र ८९७<br>क्षेत्रफलः क्रमशः ६५.५८,८३.४७,२५.८३,७३३.३० र १४५.०७ ब.मि. क्षेत्रफलमा रहेको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | रू. ५००/ |
| २. | सिन्धुपाल्चोक जिल्ला ठुलोपाखर गा.बि.स. वडा नं. २<br>नक्सा सिट नं.१५७१०७२ र १५७११११<br>कित्ता नं. ६९६,६९८,७००,७०२ र ७०४<br>क्षेत्रफलः क्रमशः ८५.४५,४७.६९,७१.५४,७९.४९ र ५५.६४ ब.मि. क्षेत्रफलमा रहेको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| ३. | सन्धुपाल्चोक जिल्ला ठुलोपाखर गा.बि.स. वडा नं. ५<br>नक्सा सिट नं.१५७११११ र १५७१०७१<br>कित्ता नं. ६८४,६८६ र ६८८<br>क्षेत्रफलः क्रमशः १०९.३०, ११७.२५ र ७५.५२ ब.मि. क्षेत्रफलमा रहेको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत<br>कुल जम्मा १६९५.१३ ब.मी. क्षेत्रफल जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात । | |

**लिलामका शर्तहरू:**

१). शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय चावहिल, काठमाडौंबाट रू.५००र- (अक्षरूपी पाँच सय रूपैयामात्र) पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।
२). शिलबन्दी बोलपत्रमा भागलिन इच्छुक व्यक्ति तथा संस्थाले मिति २०८२ साल जेष्ठ ०८ गते दिनको ३:००बजे भित्र मुख्य कार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ ।
३). शिलबन्दी बोलपत्र २०८२ साल जेष्ठ ०९ गते शुक्रवार दिनको २:००बजे मुख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्रदाताहरु वा निजले लिखित रूपमा नियुक्तगरेको प्रतिनिधिहरु र अन्य पदाधिकारीहरूको रोहवरमा शिलबन्दी बोलपत्र खोल्ने कार्य सुरू गरीनेछ । बोलपत्र दाताहरु वा निजको प्रतिनिधी समेत उपस्थित नभयमा पनि शिलबन्दी बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खूलेको दिनमा सोहि स्थान र समयमा उक्त कार्य हुनेछ ।
४). बोलपत्र स्वीकृत भएमा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेखगरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत धरौटी रकम नगद वा संस्थाको नाममा जारी गरिएको Good For Payment गरिएको A/C Payee चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र स्वीकृत हुना साथ पेश गर्नपर्ने छ । बोलपत्र स्वीकृत भएको सुचना पाएको मितीले ७ (सात) दिन भित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दालाग्ने सम्पूर्ण खर्च समेत सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा गरी आफनो नाममा सम्पत्ति नामसारी गरी नलिएमा धरौटि रकम फिर्ताहुने छैन ।
५). शिलबन्दी बोलपत्र पेशगर्ने व्यक्तिको हकमा निजले नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनिले संचालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपी को साथै अख्तीयारी प्राप्त व्यक्तिको नागरीकता तथा संस्थागत परिचयपत्र पेश गर्नुपर्ने छ ।
६). कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
७). लिलाम सम्पत्तिको निरीक्षण गर्नचाहेमा शिलबन्दी बोलपत्र पेशगर्नु अगावै कार्यालय समय भित्र यस संस्थाको मुख्य कार्यालय कुमारी बिल्डीङ्ग चावहिल काठमाण्डौमा सम्पर्क राखि सम्पत्ति निरीक्षण गर्न सकिनेछ ।
८). कुनै कारण खुलाइ वा नखुलाई शिलबन्दी बोलपत्र स्वीकृत, अस्वीकृत वा स्थगित गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
९). अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति :- २०८२/०२/०८ गते बिहीबार**
**शिलबन्दी बोलपत्र खोल्ने मिति :- २०८२/०२/०९ गते शुक्रवार (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)**
**स्थान : संस्थाको मुख्य कार्यालय चावहिल मा**
**समय : दिउँसो २.०० बजे**
**विस्तृत जानकारीको लागि**
**कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(चावहिल)-७ ,काठमाडौं ।**
**फोन नं.: ०१-४५७८००६, ४५६५१०२, ४५६५२५६, ४५६५२७४ मा सम्पर्क गर्नुहोला ।**

डि.स.का. द.नं. २१५८/०६५/६६

## हसना भास्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

NEFSCUN

च.न.पा.-१२, बलम्बु(भास्तिपुर), काठमाडौं

## अचल सम्पति लिलाम सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति: २०८२/०१/२५

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले तपशिलमा उल्लेखित अचल सम्पतिहरूको धितो सुरक्षणमा राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जाको भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस संस्थाबाट ऋणीहरूलाई बारम्बार लिखित, मौखिक तथा विद्युतिय माध्यमहरूबाट तरताकेता गर्दा र मिति २०८१ साल मंसिर ४ गते ३५ दिने राष्ट्रिय दैनिक पत्रिका नयाँ पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएकोले धितो सुरक्षणमा रहेको तपशिल उल्लेखित अचल सम्पतिहरू लिलाम बिक्रीको लागि यो सूचना प्रकाशित गरिएको छ । निज ऋणीहरूसंग लिनुपर्ने लिलाम हुने मिति सम्मको सम्पूर्ण लेना रकम असुल हुनेगरी उल्लेखित धितो सहकारी ऐन, नियमावली, संस्थाको विनियम, ऋण नीति तथा प्रचलित कानून बमोजिम लिलाम बढाबढ हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । त्यसैले तपशिलमा उल्लेखित उक्त धितो जहाँ जेजस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा सकार गरि लिन चाहने व्यक्ति वा फर्महरूले यसै संस्थामा स्वयम उपस्थित भई बोल कबोलमा भाग लिन आउनु हुन अनुरोध गरेका छौं । साथै उक्त सम्पति लिलाम बिक्री गर्दा संस्थाको लेना रकम बाँकी रहेमा ऋणी धनजमानीहरूको अन्य घै-घरानाबाट असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । उक्त लिलामको दिन ऋणीहरूलाई पनि आफै उपस्थित हुनुहुन समेत जानकारी गराईन्छ । लिलाममा सबैभन्दा बढी डाँक बोल्नेको नाममा लिलाम सदर भएमा कबुल रकमको कम्तिमा १० प्रतिशत रकम सोही दिन दाखिला गर्नुपर्ने छ । लिलाम बढाबढमा कसैले पनि लिलाम सकार नगरेमा संस्था आफैले सकार्नेछ । लिलाम हुने दिन बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन लिलाम हुनेछ ।

लिलाम हुने मिति : सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा
लिलाम हुने स्थान : संस्थाको मुख्य कार्यालय, चन्द्रागिरि न.पा. वडा नं. १२, बलम्बु, काठमाडौं

### तपशिलः

**ऋणीको तीन पुस्ते विवरण र फोटो**

नाम : महेश्वर गोपाली — स.नं. : ००६८४
सा. ठेगाना : थानकोट-४, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-४, काठमाडौं
ना.प्र.नं. : ४७०७
बुबाको नाम : पदम बहादुर गोपाली
बाजेको नाम : बेखालाल गोपाली



**जमानीकर्ताको तीन पुस्ते विवरण र फोटो**

नाम : धनमाया गोपाली — स.नं. : ०२२५३
सा. ठेगाना : थानकोट-४, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-४, काठमाडौं
ना.प्र.नं. : ४८१५/१४१९२
बुबाको नाम : कृष्ण गोपाली
बाजेको नाम : सुर्यलाल गोपाली



### लिलाम हुने धितोको विवरण

श्री महेश्वर गोपालीको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको थानकोट वडा नं. ३ कित्ता नं. १९ को १४ व.मि. र थानकोट वडा नं. ४ कित्ता नं. १५५ को ५२.८० व.मि को जग्गा र उक्त जग्गामा बनेको घर ।

शर्त तथा बन्देज : उक्त सम्पति लिलाम बिक्री बोलकबोलमा सकार्ने व्यक्ति वा फर्मले सकारेको रकममा सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार यस संस्थामा निहित हुनेछ ।

## एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिकी सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना

(प्रकाशित मिति: २०८२/०१/२५ गतेको प्रभाव राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८२/०२/०१ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। गोप्य शिलवन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाडौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

**तपसिल**

**लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिहरुको विवरण:**

| क.स. | जिल्ला | गा.वि.स./न.पा. | वडा नं./ नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (ब.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | दैलेख | नारायण | २/२ | ५५१ | ७५ | जग्गा |
| | | नारायण | २/२ | ५५४ | ३१५ | घरजग्गा |
| | | नारायण | २/२ | ४८७ | १६५ | जग्गा |
| २. | सुर्खेत | बयलकांडा | ३/३ख | १२२८ | १६९.२९ | जग्गा |
| | | | | १२७३ | ६७.७२ | जग्गा |
| | | | | १२७५ | ११८.५० | जग्गा |
| | | | | १२३० | १६९.२९ | जग्गा |
| | | कटकुवा | ३/३ | ४५५७ | ७१.९६ | घरजग्गा |
| ३. | रुपन्देही | बसन्तपुर | २/२क | ७५७ | ९९८.८२ | जग्गा |
| | | | २/२क | ७४० | २३७.०२ | जग्गा |
| | | | २/२क | ७८९ | ४९०.९५ | जग्गा |
| | | | २/२ख | ३२५ | ६४३.३१ | जग्गा |
| | | | २/२ख | ३५४ | ५०७.८७ | जग्गा |
| | | | ४/४ | ३४३ | १९४६.८५ | जग्गा |
| | | | ४/४ | ३४२ | ८२९.५३ | जग्गा |
| ४. | रुपन्देही | मक्रहर | ९/९ख | ३०० | ५२४.८६ | जग्गा |
| ५. | रुपन्देही | सिद्धार्थनगर न.पा. | ८/१०४०१९७०७ | १२६ | १३२ | घरजग्गा |
| | | | | १२५ | १३८ | घरजग्गा |
| ६. | झापा | भद्रपुर न.पा. | ६/१८००३२६१४ | ३८ | २३७०.४१ | जग्गा |
| ७. | काठमाडौं | जोरपाटी | ३/१०२१०६९१६ | १६१ | १२७ | घरजग्गा |
| ८. | धनुषा | जनकपुर न.पा. | ७/१३९४०९ | ३३४ | १५२.३७ | जग्गा |
| ९. | रुपन्देही | आनन्दवन | ७/७क | १७०४ | ३२५.९४ | जग्गा |
| | | | ७/७क | १६१५ | ६३०.७२ | जग्गा |
| १०. | कन्चनपुर | कालिका | ६/०२६०८७५ | ६७ | ३३५० | घरजग्गा |
| ११. | सिराहा | लाहान बजार | ५/५ | ९५८ | २०३.१६ | जग्गा |
| | | लाहान बजार | ५/५ | ९७२ | ३३.८६ | जग्गा |
| | | सन्हैठा | ४/४क | ७३८ | २११६.४३ | जग्गा |

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

# प्रभाव दैनिक

बिहीबार, २५ वैशाख २०८२ (Thursday, May 08, 2025)


रूपशाला

### 'मितज्यू' मा स्मिता अनुबन्धित



अनिल बुढा मगरको निर्देशनमा निर्माण हुने फिल्म 'मितज्यू' मा अभिनेत्री स्मिता लामिछाने अनुबन्धित भएकी छन् । लामिछानेले '१२ सत्ताइस' बाट नेपाली फिल्ममा डेब्यु गरेकी हुन् । लामिछाने निर्माता पनि हुन् । उनको अभिनय रहेको फिल्म 'आँखा' गत वर्षको असोजमा प्रदर्शनमा आएको थियो । उनको मुख्य भूमिका रहेको अर्को फिल्म 'म राजेश हमाल' प्रदर्शनको पर्खाइमा छ । गत वर्षको सुपरहिट फिल्म 'घरज्वाइँ' टिमले बनाउन लागेको 'मितज्यू' को छायांकन आगामी मंसिरबाट सुरु हुनेछ । 'मितज्यू' को मुख्य भूमिकामा यसअघि नै अभिनेता दयाहाङ राई र तेरिया फौजा मगर अनुबन्धित भइसकेका छन् ।

# नेपाली चलचित्र स्तरीय बन्न थालेका छन् : मनिषा

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेत्री मनिषा कोइरालाले नेपाली चलचित्र स्तरीय बन्न थालेको बताएकी छिन् । चलचित्र 'जार' को 'प्रिमियर शो' हेरेपछि प्रतिक्रिया दिँदै उनले चलचित्रको 'मेकिङ', छायांकन, पार्श्वसंगीत, रंग संयोजनलगायतका प्राविधिक विधाको तारिफ गरिन् ।

'मलाई गर्व लाग्छ की हामीले पछिल्लो समय एकपछि अर्को राम्रो चलचित्र बनाएका छौं । यी चलचित्रले नेपालको कुनै एक कालखण्डको दस्तावेजसँगै साहित्य र चलचित्रलाई एक आपसमा जोडेको छ । कलाकारको काम प्रसंशायोग्य छ', उनले भनिन्, 'यसको छायांकन, पार्श्वसंगीत, निर्देशन हेर्दा हामी विश्वका चलचित्र भन्दा कमजोर छैनौं भन्ने लाग्छ ।'

साहित्यकार इन्द्रबहादुर राईको कथालाई चलचित्रमा न्यायपूर्ण तरिकाले प्रस्तुत गरेको अभिनेत्री कोइरालाले बताइन् ।

निर्देशक फुर्वाछिरिङ लामाले कथा पढेकालाई चलचित्र हेर्दा नबिझाउने किसिमले निर्माण गरिएको गरिएको बताए । 'मैले यसलाई चार वर्ष लगाएर तयार गरेको हुँ । सबैले रुचाएको कथालाई चलचित्रमा प्रस्तुत गर्न मैले सक्दो कोसिस गरेको छु', निर्देशक लामाले भने ।

चलचित्रमा अभिनेताद्वय सौगात मल्ल र अनुपविक्रम शाही, अभिनेत्री गिताञ्जली थापा केन्द्रीय भूमिकामा छन् । अभिनेता शाहीले आफूले प्राप्त गरिरहेको प्रतिक्रियाले मेहनतको फल प्राप्त भएको आभास भएको बताए ।

'मैले कलाकारिताको यात्रामा यस्तो मेहनत कुनै चलचित्रमा गरेको थिइँन । किनकि यो सबैको प्रिय कथा थियो र त्यो पात्रलाई पाठकले 'इम्याजिन' गर्नुभएकै रूपमा प्रस्तुत गर्नुथियो । अर्को तर्फ म अभिनेता मल्लसँग काम गर्दै थिएँ, जो अभिनयमा अब्बल हुनुहुन्छ', उनले भने । दुईसय वर्षअघिको नेपाली समाजमा घटेको यथार्थ घटनामा आधारित उक्त चलचित्र यही वैशाख २६ देखि नेपालभर प्रदर्शन हुँदैछ ।

# 'उनको स्विटर'को प्रिमियर







■ प्रभाव संवाददाता

**काठमाडौं –** यही शुक्रबार (वैशाख २६) बाट देशभर प्रदर्शनमा आउन लागेको नेपाली चलचित्र 'ऊनको स्विटर'को बुधबार प्रिमियर आज भएको छ । काठमाडौंको बिग मुभिजमा आयोजित प्रिमियरमा कलाकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो । साथै कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की, उपसभामुख इन्दिरा राना मगर, सांसद असिम शाह पनि कार्यक्रममा सहभागी थिए ।

आर्टमाण्डू प्रालिको ब्यानरमा निर्माण भएको चलचित्र 'ऊनको स्विटर' मा विपिन कार्की, मिरुना मगर, परीक्षा लिम्बु, एलेक्स पारस र विल्सन विक्रम राई मुख्य भूमिकामा देखिँदै छन् । उनीहरूका साथमा अनुभवी कलाकारहरू सुनिल पोखरेल, माओत्से गुरुङ, प्रेम सुब्बा, सुरज तमु, शारदा देवी सिलवाल, र भावना खपाङ्गी मगर लगायतको दमदार अभिनय रहनेछ ।

सुजन चापागाईं र झुमा लिम्बुको निर्देशनमा बनेका "फूल", "मखमली", र "काफ्ले" जस्ता गीतहरूले दर्शकमाझ निकै लोकप्रियता हासिल गरिरहेका छन् ।

निर्देशक नवीन चौहानको पहिलो फिचर चलचित्र 'ऊनको स्विटर'को कथा पाँचथरदेखि भारतको वेस्ट बङ्गालको सीमासम्म फैलिएको छ । चौहानले यसअघि 'घुमी घुमी', 'देखेर तिमीलाई - तीनपाते', 'फूलथुङ्गे रानी', 'चन्द्रमा' जस्ता चर्चित सङ्गीतमूलक चलचित्र निर्देशन गरिसकेका छन् ।


प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

**प्रादेशिक अस्पताल, भद्रपुर**

झापा, कोशी प्रदेस, नेपाल

**बोलपत्र आशयको सूचना**

प्रकासित मिति २०८२/०१/२४

यस अस्पतालमा आ.ब. २०८१/०८२ को लागि मिति २०८१/१२/२० मा प्रकाशित तपशिलमा उल्लेखित अस्पताल भर्ना भएका बिरामीको खाना आपूर्ति सम्बन्धी सूचना अनुसार तोकिएको अवधिभित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरूको प्रस्ताव सार्वजानिक खरिद ऐन (अन्तिम संशोधन सहित) २०६३ को दफा ७१ तथा सार्वजानिक खरिद नियमावली (अन्तिम संसोधन सहित) २०६४ को दफा १४७ अनुसार गठित मुल्यांकन समितीबाट विस्तृत मूल्यांकन हुँदा तपशिलमा बमोजिम बोलपत्रदाताको प्रस्ताव सारभुत रूपमा न्यूनतम प्रभावग्राही भई सार्वजानिक खरिद ऐन (अन्तिम संशोधन सहित) २०६३ को दफा २७ को उपदफा (२) बमोजिम प्राविधिक परीक्षणमा सफल भई न्यूनतम दररेट पेश गरेको तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र दरभाउ स्वीकृत गरिएको आशयको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बोलपत्रसम्बन्धी कार्यको विवरण**

| सि.नं. | बोलपत्रको शिर्षक | स्वीकृत भएको बोलपत्र दाताको नाम ठेगाना | कबोल अंक | कैफियत |
|---|---|---|---|---|
| PH/Koshi/NCB-14/81/082 | Procurement of Rasan direct supply for patients admitted in Provincial hospital Bhadrapur, | Radha Traders, Biratnagar | 3046823.63 | |


रंगशाला

# विश्वकप छनोट खेल्न थाइल्यान्ड जाँदै नेपाली टोली



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय महिला क्रिकेट टोली आइसिसी महिला विश्वकप एसिया छनोट पहिलो खेल्न बुधबार थाइल्यान्ड प्रस्थान गर्ने भएको छ ।

नेपाल क्रिकेट संघ (क्यान)का अनुसार टोली बुधबार थाइल्यान्डको राजधानी बैंककतर्फ प्रस्थान गर्न लागेको हो । नेपाली टोली हाल भारतको दिल्ली छ । टोलीले दिल्लीमा रहँदा दुई स्थानीय क्लबसँग अभ्यास खेल खेलेको थियो ।

दिल्लीको टोलीसँग नेपालले तीन हार बेहोरेको थियो । एक खेल वर्षाले सम्भव भएको थिए । आरपिसिएसँगको पहिलो खेलमा ३२ रनको हार बेहोरेको थियो भने मंगलबार चार रनको रोमाञ्चक जित हासिल गरेको थियो ।

प्रतियोगिता ९ मेदेखि २० मेसम्म थाइल्यान्डमा हुने तय छ । नेपालले पहिलो खेल हङकङसँग १० मे मा खेल्नेछ । प्रतियोगितामा घरेलु टोली र नेपालसहित बहराइन, भुटान, हङकङ, कुवेत, मलेसिया, कतार र युएई छन् ।

यी टोलीलाई तीन समूहमा विभाजन गरिएको छ । नेपाल भने समूह सी मा छ । यो समूहमा हङकङ र बहराइन छन् । नेपालले पहिलो खेल हङकङसँग ९ मेमा खेल्नेछ ।

यस्तै, १० मेमा बहराइन र १३ मेमा हङकङसँग पुनः खेल्नेछ । १५ मेमा बहराइनसँग अर्को खेल खेल्दै नेपालले लिगचरण सक्काउने छ । हरेक समूहको विजेताले फाइनल राउन्ड खेल्नेछन् ।

# गोदावरी मेयर कपबाट बाहिरियो बागमती

■ प्रभाव संवाददाता



**काठमाडौं–** बागमती गाउँपालिका उपत्यकाव्यापी अन्तरपालिका गोदावरी मेयर कप फुटबल प्रतियोगिताबाट बाहिरिएको छ ।

ललितपुरको च्यासल मैदानमा बुधबार महालक्ष्मी नगरपालिकासँग ५-१ गोल अन्तरले पराजित हुँदै बागमती गाउँपालिका प्रतियोगिताबाट बाहिरिने पहिलो टोली बनेको छ । बागमती प्रतियोगिताबाट बाहिरिए पनि पहिलो जितका साथ महालक्ष्मी नगरपालिकाले सेमिफाइनलमा पुग्ने सम्भावना जीवित राखेको छ ।

महालक्ष्मीको जितमा सिद्धान्त अधिकारीले दुई गोल गरे भने रामकृष्ण चौधरी, अमृत चन्द र सनम धितालले समान एक-एक गोल गरे । बागमतीका लागि दिलीप घलानले गोल फर्काए ।

खेलको ३६औं मिनेटमा रामकृष्णको गोलमार्फत महालक्ष्मीले अग्रता लिएको थियो । ४६औं मिनेटमा अमृतले टोलीको अग्रता दोब्बर बनाए । सनमले ६७औं मिनेटमा गोल गर्दा महालक्ष्मीको अग्रता ३-० मा पुग्यो । सिद्धान्तले ७७औं मिनेटमा पेनाल्टीमार्फत टोलीका लागि चौथो गोल गरे ।

दिलीपले ७९औं मिनेटमा बागमतीका लागि गोल फर्काए । इन्जुरी समयमा सिद्धान्तले व्यक्तिगत दोस्रो गोल गर्दा महालक्ष्मी ५-१ ले अगाडि बढ्यो । इन्जुरी समयमै आयुष लामा पेनाल्टीमा चुक्दा बागमतीले गोल अन्तर कम गर्ने मौका गुमायो । पहिलो खेलमा आयोजक गोदावरी नगरपालिकासँग ६-१ ले पराजित भएको महालक्ष्मीले अब ललितपुर महानगरपालिकासँग खेल्न बाँकी छ । अघिल्लो खेलमा ललितपुर महानगरसँग ७-३ गोल अन्तरले पराजित बागमतीले अब समूह चरणको अन्तिम खेलमा गोदावरी नगरपालिकासँग प्रतिस्पर्धा गर्न बाँकी छ ।

समूह 'ए'मा गोदावरी, ललितपुर महानगर र महालक्ष्मीको समान ३-३ अंक छ । यद्यपि गोल अन्तरका आधारमा एक खेल मात्र खेलेको गोदावरी शीर्ष स्थानमा छ । ललितपुर महानगरले पनि एक खेल मात्रै खेलेको छ । गोदावरी मेयरकप फुटबलमा बिहीबार ३ वटा खेल हुनेछन् । गोदावरी बहुउद्देश्यीय रंगशालाको झ्यालुन्टार मैदान बिहीबार बिहान सवा ८ बजे काठमाडौं महानगरपालिका र मध्यपुर ठिमी नगरपालिकाबीच प्रतिस्पर्धा हुनेछ ।

यसैगरी दिउँसो सवा १२ बजे चन्द्रागिरी नगरपालिका र कागेश्वरी मनोहरा नगरपालिकाबीच खेल हुनेछ । यसैगरी दिउँसो साढे ३ बजे गोदावरी नगरपालिका र ललितपुर महानगरपालिकाबीच प्रतिस्पर्धा हुनेछ ।


**भीमदत्त नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति -२०८२।०१।२५)

प्रस्तूत विषय सम्बन्धमा यस कार्यालयको २०८१।१२।२० गते प्रकाशित बोलपत्र सूचना अनुसार तपसिल बमोजिका बोलपत्र न्युनतम मूल्यांकित तथा सारभुत रूपमा प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिको वैठकको निर्णयबाट स्विकृतिका लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) प्रयोजनका लागि सम्बन्धित सबैका जानकारीका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरु लाइ समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिलः**

| ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र PS items बाहेक) |
|---|---|---|---|
| 61/RCCDW/ RUI/ NCB/ 2081/082 | RCC Drain Construction and Garvel Filling Work for New Vegetable Market Works, Ward No. 4 | Rakhi Construction Bheemdatt-06, Kanchanpur | रू. २५,६४,०५३।०० |
| 63/GCW/ NCBI/ NCB/ 2081/082 | Samudayik Pashu Bybsthapan (Gaushala Nirman) Works, Ward No.10 | Chaudhary Construction Sewa, Bheemdatt-01, Kanchanpur | रू. ६०,१३,३१७।०० |

# चर्कियो भारत–पाकिस्तान द्वन्द्व

## भारतको आक्रमणबाट पाकिस्तानमा २६ जना मारिए, भारततर्फ १५ सैनिकको मृत्यु

**मुजफ्फराबाद (पाकिस्तान)–** भारत र पाकिस्तानले बुधबार आफ्नो विवादित सीमामा भारी गोलाबारी गरेका छन् । नयाँदिल्लीले आफ्नो चिरप्रतिद्वन्द्वीमाथि क्षेप्यास्त्र आक्रमण गरेपछि आणविक-सशस्त्र दुई छिमेकीबीच ठूलो तनाव बढेको छ ।

दुवै पक्षको मृत्यु भएको बताइएको छ । पाकिस्तानले भारतीय आक्रमणमा कम्तीमा २६ जनाको मृत्यु भएको र भारतले पाकिस्तानी तोप आक्रमणले विवादित कश्मीरको वास्तविक सीमामा तीन सर्वसाधारणको ज्यान गएको बताएको छ । ‘अहिलेसम्म आक्रमणमा २६ जना निर्दोष नागरिक मारिएका छन्,’ पाकिस्तानी सैन्य प्रवक्ता अहमद सरिफ चौधरीले बुधबार भने । यता भारततर्फ १५ सैनिकको मृत्यु भएको बताइएको छ ।

विवादित क्षेत्रको भारतीय क्षेत्रमा भएको घातक आक्रमणका लागि इस्लामाबादलाई दोष दिएको केही दिनपछि नयाँदिल्लीले पाकिस्तान प्रशासित कश्मीर र पञ्जाब राज्यका नौ स्थलमा ‘आतंकवादी शिविरहरूमा सटिक आक्रमण’ गरेको घोषणा गरेको थियो । भारतीय सेनाले ‘न्याय पूरा भएको छ’ भनेको छ । नयाँदिल्लीले उसको कार्य ‘केन्द्रित, मापन गरिएको र गैरविस्तारवादी प्रकृतिको छ’ भनेको छ । पाकिस्तानका रक्षामन्त्री ख्वाजा मुहम्मद आसिफले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई आफ्नो घरेलु लोकप्रियता ‘बढाउन’ आक्रमण गरेको आरोप लगाए तर इस्लामाबादले पनि जवाफी कारबाही गरेको बताए । ‘प्रतिकार पहिले नै सुरु भइसकेको छ,’ आसिफले एएफपीलाई भने, ‘हामी हिसाब चुक्ता गर्न धेरै समय लिने छैनौं ।’



### गोलाबारीको वर्षा

इस्लामाबादले आक्रमणमा एक बालकसहित आठ जना सर्वसाधारण मारिएको बताएको छ र पाकिस्तानद्वारा नियन्त्रित कश्मीर र पञ्जाबमा एएफपीका संवाददाताहरूले धेरै ठूलो विष्फोट सुनेको रिपोर्ट गरेका छन् । पाकिस्तान प्रशासित कश्मीरको मुख्य सहर मुजफ्फराबादमा सैनिकहरूले इस्लामाबादको मस्जिद वरपरका सडकहरू घेरा हालेका छन्, जसमा धेरै घरहरूको भित्तामा विष्फोटका चिह्नहरू देखिएका छन् ।

त्यसको केही समयपछि भारतीय सेनाले पाकिस्तानमाथि कश्मीरको वास्तविक नियन्त्रण रेखा (एलओसी) पार गरेर ‘अन्धाधुन्ध’ गोली चलाएको आरोप लगायो । गोली बर्सिंदा आगोका झिल्काहरू देखिएको एएफपी रिपोर्टरहरूले देखे । ‘तीन निर्दोष नागरिकले आफ्नो ज्यान गुमाए,’ आफूले ‘उचित तरिकाले’ जवाफ दिइरहेको उल्लेख गर्दै भारतीय सेनाले भनेको छ । ‘हामी गोली चलेको आवाज सुनेर ब्युँझियौं,’ भारतीय पुञ्च सहरका फारुक नामक एक व्यक्तिले प्रेस ट्रस्ट अफ इण्डिया समाचार एजेन्सीलाई आफ्नो अस्पतालको शयचाबाट बताए, ‘मैले गोलाबारी वर्षाजस्तै देखेँ... दुई जना घाइते भए ।’ उनको टाउकोमा पट्टी बाँधिएको थियो ।

कश्मीरको भारतीय नियन्त्रित भागमा रहेको वुयानमा एएफपी फोटोग्राफरले भारतीय लडाकु जेटको भग्नावशेष देखेका थिए । एक सुरक्षा स्रोतले यो भारतीय विमान भएको पुष्टि गर्‍यो, तर यसको दुर्घटनाको कारण र पाइलटको अवस्था तत्काल थाहा हुन सकेन । भारत प्रशासित कश्मीरमा अप्रिल २२ मा पर्यटकहरूमाथि भएको आक्रमणमा पाकिस्तानमा आधारित आतंकवादी संगठन लश्कर-ए-तैयबाका बन्दुकधारीहरूले गरेको आक्रमणप्रति भारतले सैन्य प्रतिक्रिया दिने व्यापक अपेक्षा गरिएको थियो । त्यस आक्रमणमा पहलगामको पर्यटकीय केन्द्रमा २६ जनाको मृत्यु भएको थियो, मुख्यतः हिन्दू पुरुषहरू थिए । कुनै पनि समूहले जिम्मेवारी लिएको छैन ।

नयाँदिल्लीले इस्लामाबादमाथि आक्रमणको समर्थन गरेको दोष लगाएको छ, जसले शृंखलाबद्ध धम्की र कूटनीतिक बदला लिने उपायहरू निम्त्याएको छ । पाकिस्तानले आरोपहरू अस्वीकार गरेको छ । भारतीय सेनाका अनुसार दुवै पक्षले अप्रिल २४ देखि एलओसी सीमामा रातभरि गोलीबारी आदानप्रदान गरेका छन् । पाकिस्तानले दुई क्षेप्यास्त्र परीक्षण पनि गरेको बताएको छ ।

### अधिकतम संयम अपनाउन आग्रह

सन् १९४७ मा ब्रिटिस शासनको अन्त्यमा उपमहाद्वीपबाट अलग भएदेखि धेरै युद्धहरू लडेका दक्षिण एसियाली यी दुई छिमेकीबीचको हिंसा एक खतरनाक तनाव हो । कूटनीतिज्ञहरूले नेताहरूलाई युद्धको संघारबाट पछि हट्न दबाब दिएका छन् ।

‘संसारले भारत र पाकिस्तान बीचको सैन्य द्वन्द्वलाई थेग्न सक्दैन,’ संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले एक वक्तव्यमा भने । गुटेरेसले ‘अधिकतम संयम’ अपनाउन आह्वान गरे ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वासिङ्टनमा पत्रकारहरूलाई लडाइँ ‘धेरै चाँडै समाप्त’ हुने आशा गरेको बताए । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले आक्रमणपछि नयाँदिल्ली र इस्लामाबादका शीर्ष सुरक्षा अधिकारीहरूसँग कुरा गरेका छन् । रुबियोले आफूले स्थितिलाई ‘नजिकबाट’ निगरानी गरिरहेको र ‘शान्तिपूर्ण समाधानका लागि भारतीय र पाकिस्तानी नेतृत्व दुवैलाई संलग्न गर्न जारी राख्ने’ बताए । भारतीय सेनाले ‘लक्ष्य चयन र कार्यान्वयनको विधिमा पर्याप्त संयम प्रदर्शन गरेको’ भन्दै ‘कुनै पनि पाकिस्तानी सैन्य सुविधाहरूलाई लक्षित गरिएको छैन’ भनी जोड दिएको छ । पाकिस्तानी प्रधानमन्त्री शाहबाज शरीफले भारतीय आक्रमणलाई ‘अकारण’ र ‘कायरतापूर्ण’ भन्दै ‘आक्रमणको जघन्य कार्यलाई सजायबाट वञ्चित गरिने छैन’ भने । भारत प्रशासित कश्मीरमा विद्रोहीहरूले स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै सन् १९८९ देखि विद्रोह गर्दै आएका छन् । भारतले नियमितरूपमा आफ्नो छिमेकीलाई कश्मीरमा आफ्ना सेनाविरुद्ध लड्ने सशस्त्र समूहहरूलाई समर्थन गरेको आरोप लगाउँछ । उक्त आरोपलाई इस्लामाबादले अस्वीकार गर्दछ ।

तेहरानले मध्यस्थता गर्न खोज्दा इरानी विदेशमन्त्री अब्बास अराघची इस्लामाबादको भ्रमणको दुई दिनपछि बुधबार नयाँदिल्लीमा आउने अपेक्षा गरिएको छ । भारतले पनि बुधबार धेरै नागरिक सुरक्षा अभ्यासहरू गर्ने तयारी गरेको थियो । स्थानीय सरकारी अधिकारीहरूका अनुसार पाकिस्तानको पञ्जाबमा विद्यालयहरू बन्द थिए । आक्रमणहरू मोदीले भारतको सीमा पार गर्ने पानी रोकिने बताएको केही घण्टापछि भएको थियो । पाकिस्तानले भारतबाट आफ्नो क्षेत्रमा बग्ने नदीहरूसँग छेडछाड गर्नु ‘युद्धको कार्य’ हुने चेतावनी दिएको थियो । *रासस⁄एएफपी*

## फ्रेडरिख मर्ज जर्मनीको नयाँ चान्सलर निर्वाचित

**बर्लिन–** फ्रेड रिख मर्ज जर्मनीको १०औं संघीय प्रमुख (चान्सलर)को रूपमा निर्वाचित भएका छन् । मंगलबार भएको दोस्रो चरणको मतदानमा उनले आवश्यक बहुमत प्राप्त गरी सफलतापूर्वक चयन भएका हुन् । यसअघि बिहान सम्पन्न पहिलो चरणको मतदानमा उनले अपेक्षित मत नपाई पराजय व्यहोरेका थिए ।

पहिलो चरणमा उनले ३१६ मत आवश्यक पर्दा ३१० मत मात्र प्राप्त गर्नुभएको थियो । दोस्रो चरणमा भने उनले ३२५ मत प्राप्त गरी संघीयसभाबाट निर्वाचित भए । ६९ वर्षको उमेरमा यो पद सम्हालेका मर्जले यसअघि कहिल्यै उच्च कार्यकारी जिम्मेवारी वहन गरेका थिएनन् । उनी न संघीय मन्त्री थिए, न राज्य प्रमुख, न त सानो नगरपालिकाको प्रमुख (मेयर) नै । कोनराड एडेनाउरपछि उनी यस्ता सबैभन्दा ज्येष्ठ व्यक्ति हुन्, जसले युद्धपछिको जर्मनीमा संघीय प्रमुखको रूपमा पदभार सम्हालेका छन् ।

युक्रेनका राष्ट्रपति भोलोदमिर जेलेन्स्कीले नवनिर्वाचित संघीय प्रमुखलाई बधाई ज्ञापन गर्दै युरोपसँगको साझेदारीमा जर्मनीको भूमिकामा अझ सशक्त हुने विश्वास व्यक्त गरेका छन् । जर्मनी, संयुक्त राज्यपछि युक्रेनलाई सबैभन्दा बढी सहायता उपलब्ध गराउने राष्ट्र हो । नयाँ नेतृत्वबाट दीर्घकालीन राजनीतिक अन्योलको अन्त्य हुने, आर्थिक नीतिमा स्पष्टता आउने, कर प्रणालीमा सुधार तथा भौतिक पूर्वाधारको सुदृढीकरणमार्फत आर्थिक वृद्धि हुने अपेक्षा गरिएको छ । *रासस⁄एपी*


**मलेसियामा रोजगार** कम्पनी : OPC WHOLESALE SDN BHD — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८०/०९/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/२३ | LT. No. 296823 | चलानी नं. ६०२०७१८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wholesale & Retail Worker | 31 | 0 | 1500 | ४७,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

फाइनल अन्तरवार्ता हुने स्थान: एमबिएस भवन, धुम्बाराही चोक, काठमाडौंमा मिति: २०८२ जेठ २ र ४ गते (16/18th May 2025) मा हुनेछ । प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MERIDIAN OVERSEAS PVT. LTD.
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-014547372, 9851054401
श्रम ईजाजत नं. ६१३/०६२/०६३

**कुवेतमा रोजगार** कम्पनी : Gulf Business House Company For General Trading and Contracting

पूर्व स्वीकृति मिति : २०८१/०५/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२४ | LT. No. 310333 | चलानी नं. ६०२२४९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 14 | 2 | 95 | ४१,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver Nepali License | 3 | 0 | 140 | ६१,८८० | | | | | | | |
| 3 | Security Guard/guard | 7 | 0 | 130 | ५७,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १ गते (15th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**साउदीमा रोजगार** कम्पनी : GULF SAMARA TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | LT. No. 323371 | चलानी नं. ६०२३७२८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wooden Flooring Installer | 1 | 0 | 1200 | ४३,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १ गते (15th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com
श्रम ईजाजत नं. ११७७/०७३/०७४

**साउदीमा रोजगार** कम्पनी : Al Amaniah Industrial Company

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | LT. No. 323375 | चलानी नं. ६०२३७२८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १ गते (15th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R.B. RECRUITMENT SERVICE PVT. LTD
Chuchchepati (Opposite KL tower), Chabahil-7, Kathmandu, Nepal, Tel. No: +977-1-4595967, 4568206, 4584094,
Mob: 9801095968/9818568250/9704524780/974-9242391 E-mail : documentsrbrs@gmail.com, Web: www.rbrs.com.np
Govt. License 929/067/68

**मलेसियामा रोजगार** कम्पनी : YUNG HENG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | LT. No. 323278 | चलानी नं. ६०२३७२४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Poultry (chiken farm) workers | 26 | 0 | 1700 | ५४,१३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १ गते (15th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SADIKSHA OVERSEAS PVT LTD
Samakhusi-29, Kathmandu, Nepal, Tel: (977)-1-4980181, 4988200
Email: info@sadiksha.com.np, Web: www.sadikshaoverseas.com.np
Govt. License 769/065/066



**बेलौरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेलौरी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति: २०८२/०१/२५)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | *Bandataal Restoration Project , Belauri Kanchanpur, Contract Identification: BELMUN/NCB/L/081/082-05* | *DNS-BRC Joint Venture Punarbas-02 Kanchanpur* | रू. ५,४३,११,२२२ | |

**Saraswati Secondary School**
**Aathraitribeni-3, Hangpang, Taplejung**

**Invitation For Bids**

**Date of first Publication: 2082/01/25**

1. Saraswati Secondary School, Aathrai Tribeni-3, Taplejung invites electronic bids from eligible bidders for the procurement of Purchase and Supply of Equipments For Science Lab In Sarswati Namuna Ma.Bi.(Contract ID. No. SSS/GOODS/NCB/01/81/82) under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders at may visit PPMO egp system **www.bolpatra.gov.np/egp** to get further information and inspect the bidding documents.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank
   Name of Account : Shree saraswati Madhyamik Bidhyalaya
   Office Account no.: 2670100000005001
4. Pre-bid meeting shall be held at Saraswati Seconday School, Hangpang Taplejung at 11:30 AM on 2082/02/14.
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2082/02/25. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:30 noon on 2082/02/25 at the office of Saraswati Secondary School, Aathrai Tribeni-3, Taplejung.
7. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 62,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Act.Headmaster**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९१६०० | प्रति तोला - ० | प्रति तोला - १९६५ |

## राष्ट्र बैंकको पूर्वबजेटकालीन समीक्षा प्रतिवेदन अर्थ मन्त्रालयमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८२/८३ को पूर्वबजेटकालीन समीक्षा प्रतिवेदन अर्थ मन्त्रालयलाई बुझाएको छ।

नेपाल राष्ट्र बैंकका कायम मुकायम गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले बुधबार उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई सो प्रतिवेदन बुझाएकी हुन्। कायममुकायम गभर्नर तिम्सिनाले देशका विभिन्न ठाउँमा पुगेर अध्ययन तथा छलफल गरी प्रतिवेदन तयार पारेको जानकारी गराइन्।

उक्त अवसरमा अर्थमन्त्री पौडेलले राष्ट्र बैंकको प्रतिवेदनले आगामी आर्थिक वर्षको बजेट निर्माणमा महत्वपूर्ण सहयोग पुऱ्याउने बताएको उनको सचिवालयले जनाएको छ।

## तत्काल सम्पन्न गर्न सकिने आयोजनालाई बजेट दिन जोड

■ प्रभाव संवाददाता

**काठमाडौं –** राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले तत्काल सम्पन्न गर्न सकिने आयोजनालाई आगामी आर्थिक वर्षको बजेटमा पहिलो प्राथमिकतामा राख्नुपर्ने बताएका छन्। आयोगले बुधबार आगामी आर्थिक वर्षको वार्षिक विकास कार्यक्रम तथा मध्यमकालीन खर्च संरचना तर्जुमा एवं राष्ट्रिय आयोजना बैंकसम्बन्धी छलफल तथा अन्तरर्क्रिया कार्यक्रम आयोजना गरेको थियो।

आयोगका उपाध्यक्ष प्रा.डा. अधिकारीले आयोजनालाई अध्ययन र कार्यान्वयन हुने किसिमका गरी दुई प्रकारमा विभाजन गरिने बताए। उनले कार्यान्वयन गरिने खालका आयोजना रु तीन करोडभन्दा कमको नहुने बताएका छन्। उनले तीन करोडभन्दा कमको आयोजना




राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट गर्न नमिल्ने बनाइएकोसमेत स्मरण गराए। सरकारको नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार नै आयोजनाको प्राथामिकता र पुनः प्राथमिकता गर्नुपर्ने उनको भनाइ छ। छिटो सम्पन्न हुने आयोजनालाई पहिलो प्राथमिकता दिनुपर्नेमा उनले जोड दिए। उनले प्रोजेक्ट बैंकमा पनि नजाने 'डिपिआर'मा पनि नजाने आयोजनामाथि प्रश्न उठ्ने र उठ्नु जायज भएकाले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) नभएको आयोजना अध्ययनकोक्रममा राखिने समेत उल्लेख गरे।

उपाध्यक्ष अधिकारीले 'सिस्टम'मा आएका परियोजनालाई जसरी आएका छन् र जुन-जुन चरण पूरा भएका छन्, सोही अनुरूप प्रविष्ट गरिदिन र नमिल्ने भए नपुगेको ठाउँमा औंल्याइदिन समेत आग्रह गरे। छलफलका क्रममा विभिन्न मन्त्रालयका सचिव एवं सहसचिवहरूले बजेटको सिलिङका कारण मध्यमकालीन खर्च संरचना तयार गर्न कठीन भएको बताए।

मध्यमकालीन खर्च संरचना विद्यमान अवस्था र अगामी कार्यदिशासम्बन्धी प्रस्तुतिकरण गर्दै सहसचिव खोमराज कोइरालाले हालसम्म ४४ वटा निकायमा ४० वटाले मात्र प्रविष्ट भएको र ३२ प्रतिशत मात्र पुँजीगत खर्च भएको जानकारी दिए।

सहसचिव अर्जुन भण्डारीले राष्ट्रिय आयोजना बैंक प्रणालीसम्बन्धमा प्रस्तुतिकरण गर्दै हालसम्म सात हजार ३३७ आयोजना, आयोजना बैंकमा प्रविष्ट भएको र त्यसमध्ये कतिपय आयोजना 'ड्राफ्ट'मा रहेकोसमेत जानकारी दिए।

## नेप्सेमा उछाल, ६१ अंकले बढ्यो परिसूचक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सेचञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको वृद्धि देखिएको छ। बुधबार नेप्से परिसूचक ६२ दशमलव २५ अंकले बढेर दुई हजार छ सय ७३ दशमलव ६९ को विन्दुमा कायम भएको हो। यो दुई दशमलव ३८ प्रतिशतको वृद्धि हो।

नेप्सेमा कारोबार रकम पनि बढेर साढे १० अर्ब नाँघेको छ। तीन सय आठ कम्पनीको दुई करोड ७२ लाख ४५ हजार चार सय ५९ कित्ता शेयर ९९ हजार चीन सय पाँच पटक खरिदबिक्री हुँदा रू १० अर्ब ५१ करोड ८४ लाख छ हजार तीन सय ५२ बराबरको कारोबार भएको हो।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा बढी वित्त समूह पाँच दशमलव ४७ र जलविद्युत् समूह तीन दशमलव १३ प्रतिशतले बढेको छ। बैंकिङ दुई दशमलव ९७, विकास बैंक दुई दशमलव ४०, होटल तथा पर्यटन एक दशमलव ५९, लगानी शून्य दशमलव ८१ र जीवन बिमा समूह दुई दशमलव ४४ प्रतिशतले बढेको छ।

उत्पादन तथा प्रशोधन एक दशमलव १८, लघुवित्त दुई दशमलव २४, म्युचुअल फण्ड शून्य दशमलव ५७, निर्जीवन बिमा दुई दशमलव ६७, व्यापार शून्य दशमलव ५३ र अन्य समूह दुई दशमलव ५३ प्रतिशतले बढेको छ।

नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव ५० प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी सानिमा माई हाइड्रोपावर लिमिटेडको रू ५९ करोड २० लाख ९६ हजार आठ सय २६ बराबरको शेयर किनबेच भएको छ। कारोबार सफ्याका आधारमा सिङ्गटी हाइड्रोइनर्जी लिमिटेडको १४ लाख २६ हजार तीन सय ७९ कित्ता शेयर खरिदबिक्री भएको छ।

## म्याद गुज्रेका विषादी बरामद

**डुम्रे (प्रस)–** जिल्लाका एग्रोभेट, कृषि र बीउ भण्डारबाट म्याद गुज्रेका रु दुई लाख ४० हजार ३६० बराबरको विषादी बरामद गरिएको छ। यही वैशाख १७ गते गरिएको अनुगमनका क्रममा व्यास नगरपालिका-४ र शुक्लागण्डकी नगरपालिका-२ का छ वटा कृषि भण्डारबाट उक्त परिमाणको विषादी बरामद गरिएको हो।

कीटनाशक, ढुसीनाशक, मुसानाशक, झारनाशक विषाली तथा मल र खाद्य तत्व, स्टिकरलगायत म्याद गुज्रेका वस्तु बरामद गरिएको हो। विभिन्न तरकारीका म्याद गुज्रेका बीउ मात्रै रु ५१ हजार १४५ बराबरको बरामद गरिएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ। प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र हरिहरभवन ललितपुर, कृषि ज्ञान केन्द्र तनहुँ, जिल्ला प्रशासन कार्यालय, बाली संरक्षण प्रयोगशाला पोखराद्वारा संयुक्तरूपमा गरिएको अनुगमनका क्रममा म्याद गुज्रेका विषादी तथा बीउ भेटिएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत एवं सूचना अधिकारी किरण परियारले जानकारी दिए।

## बजाज नेपालको 'ह्विल्स अफ मेमोरी' फोटोग्राफी प्रतियोगिता




■ प्रभाव संवाददाता

**काठमाडौं–** बजाज नेपालले 'ह्विल्स अफ मेमोरी' फोटोग्राफी प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरेको छ। यो प्रतियोगिताले राइडरहरू मात्र नभई नेपालको समृद्ध सांस्कृतिक पाटोलाई पनि सम्मान गरेको छ। प्रतियोगितामा नेपालभरिका बजाज राइडर हरूलाई १२ नेपाली महिनाहरू प्रतिनिधित्व गर्ने तस्बिरहरू शेयर गर्न आमन्त्रण गरिएको थियो। यो अभियानले उल्लेख्य सहभागितासँगै बजाज र ग्राहकहरूबीचको बलियो सम्बन्धलाई नेपालका विभिन्न स्थान, समय र सन्दर्भ अनुसार अझै आत्मीय रूपमा झल्काउने अवसर प्रदान गरेको छ।

प्रतियोगितामा ७० भन्दा बढी सहभागीहरूबाट सिर्जनात्मक, कलात्मक र भावनात्मक तस्बिरहरू प्राप्त भएको छ। तीमध्ये बहुपक्षीय मूल्यांकन अनुरूप १२ जना विजेता छनोट गरिएको छ। सम्मान स्वरूप यी १२ फोटोग्राफीलाई आगामी बजाज नयाँ वर्ष २०८२ को आधिकारिक क्यालेन्डरमा विशेष स्थान दिइने कम्पनीको योजना छ। प्रत्येक विजेताले रु. १०,००० बराबरको गिफ्ट ह्याम्पर पनि जित्नेछन्। विजेता तस्बिरहरू बजाज ग्राण्ड कर्निभल २०८२ मा प्रदर्शन गरिनेछ, जुन वैशाख १६ देखि २७ गतेसम्म भृकुटीमण्डपमा भइरहेको छ। कर्निभलमा ग्राहकहरूका लागि आकर्षक अफरहरू छन्। कुनै पनि बजाज बाइक मात्र नागरिकताकै भरमा शून्य सर्भिस चार्जमै खरिद गर्न सकिन्छ। साथै अन द स्पट फाइनान्स सुविधा, निःशुल्क एसेसोरीज र २० भन्दा बढी विज्ञ मूल्यांकनकर्ताहरूबाट ग्यारेन्टी गरिएको उच्चतम मूल्यांकनको व्यवस्था छ। नयाँ बाइक खरिदकर्ताहरूले बजाज खुसीको मिटर खेल्ने अवसर समेत पाउनेछन्, जसबाट थप आकर्षक पुरस्कारहरू जित्न सकिन्छ।

हंसराज हुंलासचन्द एन्ड कम्पनीका मार्केटिङ विभाग प्रमुख अमितराज चालिसेले 'ह्विल्स अफ मेमोरी' प्रतियोगिता हाम्रो ब्रान्ड र ग्राहकहरूबीचको आत्मीय सम्बन्ध झन् मजबुत बनाउन गरिएको प्रयास हो। प्रत्येक नेपाली महिनालाई सम्मान गर्दै, बाइक प्रेमीहरूको जोश, सृजनशीलता र समर्पणलाई समेट्न पाउँदा हामी निकै उत्साहित छौं। यो अभियानले ग्राहकहरूलाई अझ नजिक ल्याएको छ र हाम्रो यात्रालाई थप अर्थपूर्ण बनाएको।" जानकारी गराएका छन्।

बजाज मोटरसाइकलहरू स्टाइल, प्रफर्मेन्स र बजेटका हिसाबले नेपालमा लामो समयदेखि विश्वासिलो ब्रान्ड बनिरहेको छ। 'ह्विल्स अफ मेमोरी' जस्ता अभियानहरूमार्फत बजाजले नेपाली बाइकिंग समुदायसँगको सम्बन्ध अझ बलियो बनाउँदै गएको छ।

## मुस्ताङको स्याङमा उन्नत गाईपालन फस्टाउँदै

**मुस्ताङ–** जिल्लाको घरपझोङ गाउँपालिका-३ स्याङ गाउँमा उन्नत जर्सी गाईपालन व्यवसाय फस्टाउँदै जान थालेको छ। उन्नत गाईको दूधबाट मनग्ये आम्दानीका साथै किसानको फलफूल तथा तरकारी बगैंचामा गोबरबाट बनेको मल प्रयोग गर्नका लागि उन्नत जर्सी गाईपालन व्यवसाय अपनाइएको हो।

डेढ दशकअघि मुस्ताङको जोमसोमलगायत आसपासका पर्यटकीय गाउँका होटल तथा रेष्टुरेन्टले सहरिया सिलबन्द गरिएका पाउडरको दूध प्रयोग गर्ने गर्थ्ये। जब मुस्ताङको स्याङ गाउँबाट उन्नत जर्सी गाईपालन सुरु भयो त्यसपछि भने यहाँ प्रयोग गरिने प्याकेटका पाउडरको दूध विस्थापित हुँदै जान थालेको स्थानीय बताउँछन्।

अहिले मुस्ताङमा बजारिया पाउडरको दूध ९० प्रतिशत विस्थापित भइसकेको घरपझोङ-३ का वडाध्यक्ष फलेन्द्रप्रसाद थकालीले जानकारी दिए। उनका अनुसार जिल्लामा पाउडरको दूध विस्थापित हुनुको मुख्य कारण स्याङ गाउँको उन्नत जर्सी गाईपालन हो। गाउँमा सुरुआती चरणमा थकालीले उन्नत जर्सी गाईपालन सुरु गरेका हुन्। हिमाली क्षेत्रमा परीक्षणका रूपमा गाईपालन सुरु गरेको बताउँदै यो व्यवसाय प्रभावकारी देखिन थालेपछि स्याउ गाउँका अन्य किसानले पछ्याउन थालेका वडाध्यक्ष थकालीले उल्लेख गरे।

स्याङ गाउँका वडाध्यक्षले तत्कालीन समयमा उन्नत जर्सी गाईपालन जिल्लामा भित्र्याएपछि त्यसबेला साविक पशुसेवा कार्यालय र साविक जिल्ला विकास कार्यालयले दूध उत्पादनलाई बढाउने तथा प्रवर्द्धन गर्ने उद्देश्यले उन्नत जर्सी गाईपालन खरिदका लागि अनुदानका कार्यक्रम ल्याएको वडाध्यक्ष थकालीले स्मरण गरे।

परम्परागत हिमाली लुलु गाईले भन्दा उन्नत जर्सी गाईले मनग्ये दूध उत्पादन गर्ने भएकाले मुस्ताङका किसान उन्नत जर्सी गाईपालनतर्फ आकर्षित हुन थालेका वडाध्यक्ष थकालीले बताए। 'एक दशकअघि हिमाली उपआयोजनाले मुस्ताङमा उन्नत जर्सी गाईपालन कार्यक्रम ल्यायो। त्यससमय उक्त आयोजनाले जिल्लाका किसानलाई ८० प्रतिशत अनुदानमा उन्नत जर्सी गाईपालन गर्न प्रोत्साहित गऱ्यो। त्यसपछि भने यहाँ उन्नत पालन व्यवसाय झाङ्गिँदै गएको हो', उनले भने।

स्याङ गाउँमा उन्नत गाईपालनसँगै मुस्ताङ डेरी उद्योगसमेत स्थापना भएको छ। सहकारीमार्फत अनुदान पाएका किसानले उन्नत गाईको दूध डेरी उद्योगमा लगेर बिक्री गर्न पाउने भएका छन्। कतिपय किसानले डेरीमा बिक्री नगरी मोटरसाइकलमार्फत घरघरमा पुऱ्याउने गर्छन्। स्याङमा अहिले ४० घरधुरीले एक सयभन्दा बढी उन्नत जर्सी गाईपालन गरेका वडाध्यक्ष थकालीले जानकारी दिए। उनी मुस्ताङमा उन्नत जर्सी गाईपालन गर्ने पहिलो व्यक्ति हुन्। वडाध्यक्ष थकालीले स्याङ गाउँ कृषिमा आधारित गाउँ भएकाले दूध बिक्री गर्न र गाईको मलमुत्र खेतबारीमा प्रयोग गर्न निकै सजिलो भएको बताए। स्याङ गाउँमा अहिले दैनिक चार सय लिटरभन्दा बढी दूध उत्पादन हुने गरेको उनले जानकारी दिए।

घरपझोङ-३ स्याङका स्थानीय निमा फन्चोक गुरुङले चार वटा उन्नत जर्सी गाईपालन गरेका छन्। दश वर्षअघि ११ वटा गाई र एउटा गोरुबाट पशुपालन व्यवसाय सुरु गरेका गुरुङले अहिले दूधको बजारमा प्रतिस्पर्धा भएको, पशु आहारा र घाँसको मूल्य वृद्धि भएकाले संख्या घटाएको बताए। दूधको मूल्य वृद्धि हुन नसकेको तर दाना र घाँसको मूल्य महँगो भएकाले कृषि प्रयोजनका लागि मात्रै गाईपालन गरिरहेको गुरुङले बताए। 'पहिले दूध बिक्री गर्दा मनग्ये आम्दानी हुन्थ्यो, अहिले गाउँमा उत्पादन बढी हुँदा आम्दानीको स्रोत खुम्चिएको छ', गुरुङले भने, 'फलफूल बगैंचा र तरकारी बारीमा मल चाहिने भएकाले गाईपालनलाई निरन्तरता दिँदै आइरहेको छु।' सुरुआती चरणमा ११ गाईबाट तीन सय लिटरभन्दा बढी दूध उत्पादन गर्ने गरेकामा अहिले दैनिक ४० लिटर मात्रै बिक्री भइरहेको उनले जानकारी दिए।

बर्खायाममा दूधको माग अत्यधिक हुने गरेको भएपनि किसानमा समन्वय नहुँदा मूल्य वृद्धि हुन नसकेको गाईपालक कृषक जीवन थकालीले बताए। उनका अनुसार मुस्ताङको स्याङ गाउँबाट सुरु भएको उन्नत गाईपालन अहिले फैलिँदै जिल्लाको ठिनी, मार्फा, टुकुचे र कागबेनीसम्म पुगेको छ।

पर्यटकीययामबाहेक हिउँदको तीन महिना उन्नत गाईको दूध बिक्री गर्न समस्या हुने गरेको किसान बताउँछन्। हिउँदयाममा पर्यटकको उपस्थिति कम हुने र जिल्लाका नागरिक बेँसी झर्ने भएकाले दूधको खपत कम हुने गरेको स्थानीय गाईपालकको भनाइ छ। *–रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रणः** एक्प्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्ण कार्की, **सम्पादकः** विष्णु तामाङ